"कृषि ,उद्योग ,पर्यटन ,जैविक एवं सांस्कृतिक विविधतामा धनी: व्यावसायिक तथा गुणस्तरीय जीवनमा नेपालकै अग्रणी"

कैलाली उद्योग वाणिज्य संघ

Kailali Chamber of Commerce & Industry

धनगढी, कैलाली । Dhangadhi, Kailali

५२औं वार्षिक साधारण सभा
वार्षिक प्रतिवेदन

धनगढी, कैलाली ०९१-५२१२३७

kailalicci@gmail.com www.ccikailali.org.np

kailali chamber of commerce and Industry

वर्तमान कार्यसमिति विवरण

क्र.सं.	नाम	पद
१	श्री पुष्कर राज ओझा	अध्यक्ष
२	श्री पुष्प राज कुंवर	निवर्तमान अध्यक्ष
३	श्री केशव राजजोशी	बरिष्ठ उपाध्यक्ष
४	श्री लक्ष्मण राज पन्त	उपाध्यक्ष (उद्योग)
५	श्री मनोज अग्रवाल	उपाध्यक्ष (एशोसियट)
६	श्री गगन राज के. सि.	उपाध्यक्ष (वाणिज्य)
७	श्री भिम राज ओझा	उपाध्यक्ष (वस्तुगत)
८	श्री दिनेश लम्साल	महा–सचिव
९	श्री तीलक बहादुर बोहरा	कोषाध्यक्ष
१०	श्री प्रकाश कुमार चन्द	सचिव
११	श्री शुभशंकर ठाकुर	सदस्य
१२	श्री तेज बम	सदस्य
१३	श्री अम्विका भण्डारी	सदस्य
१४	श्री अजय पाण्डेय	सदस्य
१५	श्री ध्रुव राज दाहाल	सदस्य
१६	श्री ई.तर्क राज भट्ट	सदस्य
१७	श्री सुरेश सापकोटा	सदस्य
१८	श्री मन्जु भट्ट	सदस्य
१९	श्री बम बहादुर कुवंर	सदस्य
२०	श्री कमला भट्टराई	सदस्य
२१	श्री प्रेम बहादुर धामी	सदस्य
२२	श्री देव राज जोशि	सदस्य
२३	श्री प्रमिला पाठक	सदस्य

सल्लाहकारहरू

क्र.सं.	नाम	पद
१	श्री बिर बहादुर जेठारा	कानुनी सल्लाहाकार
२	श्री श्रवण देउवा	प्रेस सल्लाहाकार
३	श्री चिरञ्जीबी पाठक	आार्थिक सल्लाहाकार

वर्तमान कर्मचारी विवरण

क्र.सं.	नाम	पद
१	दिनेश राज ओझा	कार्यकारी अधिकृत
२	तुलसी साउद	लेखा अधिकृत
३	तेज राज विष्ट	परियोजना संयोजक(सिपविकास ईकाई)
४	गिता जोशी	प्रशासन सहायक
५	दिव्या बम	प्रशासन सहायक
६	आरती चौधरी	कार्यालय सहयोगी
७	कृष्ण चौधरी	कार्यालय सहयोगी

कैलाली उद्योग वाणिज्य संघको ५२ औं वार्षिक साधारण सभामा कार्य समितिको तर्फवाट महासचिव श्री दिनेश लम्साल ज्यूबाट प्रस्तुत वार्षिक प्रतिवेदन

कैलाली उद्योग वाणिज्य संघको ५२ औं वार्षिक साधारण सभाको उद्घघाटन समारोहका सभापति एवं संघका अध्यक्ष श्री पुष्कर राज ओझा ज्यू, प्रमुख अतिथि ज्यु, विशिष्ट अतिथि ज्यू, संघका निवर्तमान तथा पूर्व अध्यक्ष ज्यूहरु एवं पदाधिकारी ज्यूहरु, सल्लाहकार सदस्यज्यूहरु, समारोहमा आमन्त्रीत अतिथि ज्युहरु, पत्रकार मित्रहरु, उद्योगी व्यवसायी सदस्यहरु र अन्य उपस्थित महानुभावहरु ।

आज सम्पन्न हुन लागेको कैलाली उद्योग वाणिज्य संघको ५२ औं वार्षिक साधारण सभाको यस गरिमामय अवसरमा संघको महासचिवको हैसियतले यहाँहरुलाई स्वागत तथा अभिवादन गर्न पाउदा अतिनै खुशी लागेको छ । यहाँहरुले जुन बिश्वास र स्नेहका साथ संघको महासचिब जस्तो पदको जिम्मेबारी सुम्पनु भएको थियो त्यसलाई अत्यन्तै निष्ठा र लगनका साथ पुरा गर्न प्रयासरत रहेको यस गरिमामय सभामा व्यक्त गर्न चाहान्छु । उद्योग व्यवसाय क्षेत्रमा समर्पित उद्योगी व्यवसायी सदस्यहरुको हकहित सम्बर्धन र संरक्षणका लागि २०२७ सालमा स्थापित यस संघले आज ५२ औं वार्षिक साधारण सभा आयोजना गर्दाको अवस्थामा आईपुग्दा समयको गतिसंग सामिप्यता राखि आफ्ना क्रियाकलापहरुलाई सोही अनूरुप परिमार्जन गर्दै अगाडि बढिरहेको कैलाली उद्योग वाणिज्य संघ आज यस सु.प. क्षेत्रको मात्र नभई मुलुककै अग्रणी र सर्बोत्कृष्ट उद्योग वाणिज्य संघको रुपमा पहिचान वनाउन सफल भएको छ जुनकुरा हामी सबैका लागि गौरब तथा प्रतिष्ठाको विषय हो ।

यस संघले उद्योग व्यवसाय क्षेत्रका अतिरिक्त कृषि र पर्यटन क्षेत्रको समेत विकास गरि समून्नत सून्दर सूदूरपश्चिम निर्माणको अभियानमा अगाडि बढिरहेको व्यहोरा अनुरोध गर्न चाहन्छु । संघको यो गरिमामय अभिबृद्धि र सफलता प्राप्तीका लागि निवर्तमान तथा भूतपुर्व कार्य समिति, वर्तमान कार्य समिति, सल्लाहकार सदस्य ज्यूहरु, स्थानिय सरकारी एवं गैह्र सरकारी निकायहरु, राजनैतिक दलहरु सम्पूर्ण उद्योगी व्यवसायीहरु, सञ्चारकर्मी,सचिवालयका कर्मचारीहरु बधाईका पात्र हुनुहुन्छ । हामीले यसलाई सबैको सहयोग र शुभेच्छाको प्रतिफल ठानेका छौं ।

गत वर्ष सम्पन्न ५१ औं वार्षिक साधारण सभा पश्चात संघवाट भए गरेका मुख्य मुख्य क्रियाकलापहरु तथा गतिविधिहरु संक्षिप्तरुपमा महासचिवको हैसियतले कार्य समितिका तर्फवाट यस सम्मानित सभामा प्रस्तुत गर्नपाउदा गौरवान्वीत महसुस गरेको छु ।

अध्यक्ष महोदय,

अब म संघको वार्षिक प्रतिवेदनलाई यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१) कैलाली उद्योग वाणिज्य संघ र धनगढी उपमहानगर पालिका बिच सहकार्य गर्ने सम्झौता

धनगढी उपमहानगरपालिका र कैलाली उद्योग वाणिज्य संघबीच सहकार्यका लागि सम्झौता भएको छ । सम्झौता पत्रमा धनगढी उप-महानगर पालिकाका मेयर गोपी हमाल र संघका अध्यक्ष पुस्कर ओझाले हस्ताक्षर गरेका छन् । आगामी दिनमा आर्थिक, सामाजिक, रोजगारी, पर्यटन लगायतका क्षेत्र समन्वय र सहकार्य गरी कार्य गर्ने गरि समझदारी गरिएको छ ।

धनगढीको समग्र विकासमा यो समझदारीले योगदान गर्ने विश्वास गरिएको छ ।

२) संघमा आवद्ध सदस्यहरुको दुर्घटना बिमा

गत ५१ औं वार्षिक साधारण सभा तथा अधिवेशन बाट निर्वाचित वर्तमान कार्यसमितीको पहिलो बैठकको निर्णय बमोजिम संघको मेरुदण्डका रुपमा रहुनु भएका संघमा आवद्ध सम्पुर्ण सदस्यहरुको रु.१००,००० (एक लाख) बराबरको सामुहिक दुर्घटना बिमा गरीएको छ । सामूहिक बिमाले व्यवसायीहरूलाई आकस्मिक दुर्घटनाबाट हुने आर्थिक जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ ।

सु.प.महोत्सव २०८२

सुदूरपश्चिमको आर्थिक तथा सामाजिक विकासका लागि यस क्षेत्रमा रहेका सम्भावना र अवसरहरुको पहिचान र तिनिहरुको प्रचार प्रसार व्यापकरुपमा नभए सम्म विकासले गतिलिन नसक्ने भएकोले त्यस कुरालाई महसुस गरि सुदूर पश्चिमलाई चिनाउन तथा सुदूरपश्चिमका सम्भावनाहरुलाई उजागर गरि यस क्षेत्रको कृषि, उद्योग, व्यापार र पर्यटनको प्रवर्द्धन एवं यि क्षेत्रहरुको विकासमा टेवा पुऱ्याउने उद्धेश्यले यस संघद्वारा २०६३ साल देखि निरन्तर रुपमा विविध कार्यक्रमहरु सहित सुदूरपश्चिम महोत्सवहरु सफलतापुर्वक सञ्चालन गरि भव्यताकासाथ सम्पन्न गरिदै आएको छ । यसै क्रममा गत वर्ष पनि मंसिर २२ देखि पुष ५ गते सम्म **"पर्यटन, संस्कृति, उद्योग र व्यापार : समृद्ध सुदूरपश्चिमको आधार"** नाराका साथ सुदूर पश्चिमका सवै जिल्लाहरुको प्रतिनिधित्व हुने गरि प्रादेशिक स्तरिय मेला **सुदूरपश्चिम महोत्सव-२०८२** भव्य रुपमा सम्पन्न गरिएको छ ।

भिजन सुदूरपश्चिम बहस कार्यक्रम

कैलाली उद्योग वाणिज्य संघले 'सुन्दर सुदूरपश्चिम' अभियान र नारा लाई निरन्तरता दिँदै र थप व्यापक बनाउदै यस वर्ष 'भिजन सुदूरपश्चिम' नामक संवादको साझा मञ्चको सुरुवात गरेको हो । सुदूरपश्चिमका सम्भावना, अवसर, चुनौती तथा विकासका प्राथमिकता माथि विषयगत बहस सञ्चालन गर्ने उद्देश्यले कृषि, खेलकुद, शिक्षा, उद्योग-व्यापार, होटल व्यवसाय तथा श्रम समस्या, कला साहित्य तथा संस्कृति, लागू औषध न्यूनीकरण, बदलिदो समाज तथा तनाव व्यवस्थापन, लैङ्गिक हिंसा, पर्यटन तथा युवा उद्यमशीलता र स्वास्थ्य क्षेत्रलाई समेटी ११ वटा संवाद सञ्चालन गरिएको थियो । सम्बन्धित क्षेत्रका विज्ञ, नीति निर्माता, सरकारी निकायका अधिकारी तथा प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधि, व्यवसायी, युवा तथा अन्य सरोकारवाला बिचको सहभागितामा भएका यी संवादले प्रदेशका विभिन्न क्षेत्रको विद्यमान अवस्था, सम्भावना, समस्या र सुधारका आवश्यकतामाथि प्रत्यक्ष विचार आदानप्रदान गर्ने अवसर प्रदान गरीएको थियो । कार्यक्रमको मूल अवधारणा नै सम्भावना र चुनौती पहिचान गरी सरोकारवालाबीच संवादबाट त्यसको उचित निकास खोज्नु रहेको थियो ।

संवादहरूबाट सुदूरपश्चिमका आर्थिक सम्भावनालाई उत्पादन र रोजगारीसंग जोड्न कृषिको व्यवसायीकरण, प्रविधि तथा बजारीकरण, खेलकुद पूर्वाधार र प्रतिभा विकास, शिक्षाको गुणस्तर तथा सीपमूलक जनशक्ति उत्पादन, उद्योग-व्यापार तथा निजी लगानीका लागि सहज वातावरण निर्माण, होटल तथा पर्यटन पूर्वाधार, दक्ष श्रमशक्ति र युवा उद्यमशीलतालाई प्राथमिकतामा राख्नुपर्ने विषय उठेका छन् । पर्यटन क्षेत्रमा सम्भावना हुँदा हुँदै पूर्वाधार, नीतिगत स्पष्टता, लगानीको सहजता र सरकारी सहजीकरण जस्ता विविध पक्षमा भएका अप्ठ्याराका कारण अवसरको पूर्ण उपयोग हुन नसकेको तथा युवालाई प्रदेशमै उद्यम गर्न अनुकूल वातावरण आवश्यक रहेको विषय समेत बहसमा आएको छ ।

सामाजिक क्षेत्रतर्फ भएका संवादले विकासलाई केवल भौतिक पूर्वाधार र आर्थिक वृद्धिमा सीमित नराखी मानवीय तथा सामाजिक पक्षलाई समेत विकासको आधारका रूपमा लिनुपर्ने देखाएका छन् । भाषा, कला, साहित्य तथा संस्कृतिको संरक्षणसंगै अभिलेखीकरण, अनुसन्धान, मानकीकरण, संस्थागत संरचना र रोजगारी तथा आयआर्जनसाग यसको सम्बन्ध स्थापित गर्नुपर्ने विषय उठेको छ । लागूऔषध न्यूनीकरणका सम्बन्धमा रोकथाम, जनचेतना, कानुनी नियन्त्रणसंगै प्रयोगकर्ताको उपचार, मनोसामाजिक परामर्श, पुनःर्स्थापना र परिवार तथा समाजमा पुनःएकीकरणलाई समान प्राथमिकता दिनुपर्ने देखिएको छ । बदलिदो समाज र तनाव व्यवस्थापनसम्बन्धी संवादले मानसिक स्वास्थ्यलाई व्यक्तिगत विषयमा मात्र सीमित नराखी परिवार, समुदाय, कार्यस्थल र राज्यको साझा सरोकारका रूपमा लिनुपर्ने तथा परामर्श र सामाजिक सहकार्यको पहुंच विस्तार गर्नुपर्ने आवश्यकता औल्याएको छ। स्वास्थ्य क्षेत्रमा सरकारी तथा निजी क्षेत्रबीच सहकार्य, तीन तहका सरकारबीच समन्वय, विशेषज्ञ जनशक्ति र पूर्वाधार विकास तथा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुंच विस्तार गर्नुपर्ने विषयमा जोड दिएको पाइयो ।

समग्रमा, 'भिजन सुदूरपश्चिम' का ११ संवादले प्रदेशका सम्भावना पहिचान गर्नुका साथै ती सम्भावनाहरुलाई व्यवहारमा रूपान्तरण गर्न देखिएका नीतिगत, पूर्वाधारगत, वित्तीय, संस्थागत तथा सामाजिक चुनौतीलाई एकै मञ्चमा ल्याउने काम गरेका छन्। संवादबाट उठेका विषयहरूले सरकार, निजी क्षेत्र, नागरिक समाज र समुदायबीच समन्वय, लगानी र सहकार्यलाई विकासको महत्वपूर्ण आधारका रूपमा प्रस्तुत गरेका छन् । यस अर्थमा 'भिजन सुदूरपश्चिम' सुदूरपश्चिमका सम्भावनाबारे चर्चा गर्ने मात्र नभई समस्या पहिचान, विचार आदानप्रदान र सम्भावित समाधानतर्फ साझा दृष्टिकोण निर्माण गर्ने प्रारम्भिक संस्थागत अभ्यासका रूपमा स्थापित भएको छ। आगामी दिनमा यी संवादबाट उठेका विषय तथा सुझावलाई व्यवस्थित रूपमा अभिलेखीकरण गरी सम्बन्धित निकायसमक्ष पुऱ्याउने, आवश्यक नीतिगत पहलका लागि संघको तर्फबाट पैरवी गर्ने तथा कार्यक्रमलाई निरन्तर संवाद र परिणाममुखी पहलसाग जोड्दै लैजाने उद्देश्य राखिएको छ ।

आगलागीबाट क्षतिगस्त सदस्यलाई राहत सहयोग

आगलागिबाट क्षेती ग्रस्त गोदावरी नगपालिका ५ गेटामा अवस्थित निशा ट्रेडर्स एण्ड सप्लायर्स लाई कैलाली उद्योग वाणिज्य संघले ५० हजार सहयोग गरेको छ । कैलाली उद्योग वाणिज्य संघको टिमले घटना स्थलमै पुगेर उक्त रकम सहयोग गरेको थियो । कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्कर राज ओझा, महासचिव दिनेश लम्साल, सचिव प्रकाश कुमार चन्द, कोषाध्यक्ष तिलक बोहोरा, सदस्य प्रमिला पाठक, शुभ ठाकुर, तेज बम र कार्यकारी अधिकृत दिनेश ओझा लगायतको टिमले देउवा परिवारलाई सहयोग रकम हस्तान्त्रण गरेको थियो । त्यस्तै आगलागी बाट क्षेती भएको यस संघमा आवद्ध श्री जय श्री लटिनाथ ट्रेडर्स का सञ्चालक श्री अविनेश सिंह लाई संघको कार्यालयमा कार्यकारी अधिकृत दिनेश राज ओझले रु.५०,००० को चेक रकम हस्तान्तरण गरीएको थियो ।

कैलाली उद्योग वाणिज्य संघ र तीन वटा स्विस सहयोग परियोजनाबीच सहकार्यमा सुदूरपश्चिम प्रदेशमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रवर्द्धनका लागि परियोजना सञ्चालन ।

सुदूरपश्चिम प्रदेशमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको क्षेत्रमा निजी क्षेत्रको प्रभावकारी सहभागिता सुनिश्चितता तथा स्थानीय आवश्यकता अनुसार सीप विकास, युवाहरूको रोजगारीमा पहुाच वृद्धि तथा दिगो रोजगार सिर्जनामा गर्ने उद्देश्यका साथ दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना-दोस्रो (ENSSURE-II), नेपाल व्यवसायिक योग्यता प्रणाली परियोजना-दोस्रो (NVQS) र युवाहरूका लागि गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम (QualiTY) संग सम्झौता गरी कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

परियोजना अन्तरगत सञ्चालन गरिएका क्रियाकलापहरु :

ENSSURE परियोजना अन्तर्गत

उद्योगहरुमा कार्यरत कामदारहरुको सिप स्तरोन्नति तालिम संख्या ५, सहभागि संख्या ११७ ,

तालिम संञ्चालन ३ बिद्या

१ बार बेण्डर = २ कैलाली, कञ्चनपूर (४५ जना)

.२ बारिस्टा =१ कैलाली (२४जना)

३ थ्रि फेज = २ कैलाली (४८ जना)

उत्प्रेरणा मूलक कक्षा सञ्चालन ७ स्कुल (१४२जना)

पेशागत स्वास्थ्य सुरक्षा तालिम = १ (२० जना)

१० वटा उद्योगको लागी पेशागत स्वास्थ्य सुरक्षा नियमावली निर्माण

Wall Paper को सिप स्तरोन्नती तालिम का लागि कोर्ष निर्माण गरेको ।

QUALITY परियोजना अन्तर्गत

उत्प्रेरणामूलक कक्षा सञ्चालन = १७ वटा, सहभागी संख्या = (७९६जना)

औद्योगिक भ्रमण १ विद्यालय, विद्यार्थी संख्या = ३३ जना

उद्योग भ्रमण ३ वटा उद्योगमा ३ जना शिक्षकलाइ ७ दिनका लागि पठाइएको ।

NVQS परियाजेना अन्तर्गत ।

RPL विधिबाट सञ्चालन भइरहेको सिप परिक्षण कार्यक्रमको अवलोकन भ्रमण कार्यक्रम अर्न्तगत ११ जना सहभागिलाई धनगढि मा डकर्मी सम्बन्धि र टिकापुरमा कम्प्युटर हार्डवेयर तथा नेटवकिङ टेक्निसियन सम्बन्धि तथा डकर्मी सम्बन्धि सु.प परिक्षण कार्यक्रमको अवलोकन गरिएको थियो ।

संघद्वारा गरिएका कार्यक्रमहरू

महिला उद्यमीलाइ क्षमता अभिवृद्धि तालिम

महिला उद्यमीलाई डिजिटल प्रविधिमैत्री बनाउदै व्यवसाय विस्तारमा सहयोग पुर्याउने उद्देश्यले धनगढीमा दुईदिने क्षमता अभिवृद्धि तालिम सञ्चालन गरीएको थियो । तालिममा व्यवसाय योजना निर्माण, डिजिटल मार्केटिङ, सामाजिक सञ्जालको प्रभावकारी प्रयोग र साइबर सुरक्षासम्बन्धी व्यावहारिक प्रशिक्षण प्रदान भएको थियो ।

कैलाली उद्योग वाणिज्य संघको आयोजना तथा UN Women को सहकार्यमा सञ्चालन भएको तालिमको उद्घाटन धनगढी उप महानगरपालिकाकी उपप्रमुख कन्दकला रानाले गर्नुभएको थियो भने कार्यक्रम कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष श्री पुष्कर राज ओझा को अध्यक्षतामा सञ्चालन भएको थियो । ५० जना भन्दा बढि महिला उद्यमीहरुको सहभागीता रहेको थियो ।

बिमा सम्बन्धी सचेतना तथा अन्तरक्रिया कार्यक्रम

कैलाली उद्योग वाणिज्य संघको आयोजनामा बिमा सम्बन्धी सचेतना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको सहकार्यमा व्यवसायीहरुको निम्ति बिमा सम्बन्धी सचेतना कार्यक्रम गरिएको हो ।कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्कर राज ओझाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडका महाप्रबन्धक उदिप प्रसाद काफ्ले,बद्री बस्नेत तथा प्रदेश प्रबन्धक डिल्ली राज शर्माको उपस्थित रहेको थियो । कार्यक्रममा ७० जना भन्दा बढी व्यवसायी हरुको उपस्थित रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्कर राज ओझाले व्यवसायमा आइपर्ने जोखिमजन्य क्षति न्यूनीकरण गर्न व्यवसायिहरुले बिमा सम्बन्धमा सचेत हुनुपर्ने बताउनुभयो साथै कैलाली उद्योग वाणिज्य संघ व्यवसायिहरुको सर्वाङ्गिण हितको निम्ति सदैव अग्रसर र प्रतिवद्ध रहेको जानकारी गराउनु भयो ।

धनगढीमा भएको कार्यक्रममा शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडका महाप्रबन्धक उदिप प्रसाद काफ्ले,प्रदेश प्रबन्धक डिल्ली राज शर्मा तथा बद्री बस्नेतले प्रस्तुतीकरण गर्नु भएको थियो , कैलाली उद्योग वाणिज्य संघका कार्यकारी प्रमुख दिनेश राज ओझाले गरेका थिए भने सहभागी तथा सहयोगीलाई स्वागत संघका वरिष्ठ उपाध्यक्ष केशव राज जोशीले गरेका थिए ।

व्यवसायीहरूसँग अन्तरक्रिया कार्यक्रम

२०८३।२।१४ निजी क्षेत्रको हकहित संरक्षण व्यवसायीक वातावरण सुधार व्यवसायीहरुका समस्या समाधान तथा सरकार र निजी क्षेत्र विच समन्वयकारी भुमीका निर्वाह गर्दै आएको कैलाली उद्योग वाणिज्य संघले व्यवसायी महानुभावहरु संग प्रत्यक्ष संवाद तथा सुझाव संकलन गर्ने उद्देश्यले छलफल तथा अन्तरक्रिया कार्यक्रम संघका अध्यक्ष श्री पुष्कर राज ओझा ज्यूको अध्यक्षता मा भएको थियो । सो अन्तरक्रिया कार्यक्रममा १०० जना भन्दा बढी व्यवसायीहरको सहभागीता रहेको थियो ।

स्वागत तथा भेटघाट कार्यक्रम

यस जिल्लामा अन्य जिल्ला वाट सरुवा भई आउने प्रमुख जिल्ला अधिकारी एवम सरकारी निकायका प्रमुखज्यूहरुलाई संघमा आमन्त्रण गरि यस क्षेत्रका विकासका सम्भावना, चुनौती, व्यवसायिक समस्या र संघका गतिविधिहरुका बारेमा अवगत गराउने र सम्बन्ध विस्तार गर्ने उद्देश्यले यस संघद्वारा नियमित रुपले स्वागत भेटघाट तथा छलफल बैठक कार्यक्रमको आयोजना गरिदै आएको छ ।

२०८२।१०।०४ गतेका दिन स्विस कन्ट्रयाक्टको प्राविधीक सहयोग र NVQS परियोजना र कैलाली उद्योग वाणिज्य संघको सहकार्यमा पुर्व सिकाई मान्यता (RPC) विधिवाट सीप परिक्षणका लागी नया पेसाहरुको पहिचान गर्न सरोकारवाला संग छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको थियो ।

२०८२।१०।१५ गते कैलाली उद्योग वाणिज्य संघको आयोजना तथा स्विस कन्ट्याक्ट NVQS परियोजना को आर्थिक तथा प्राविधीक सहयोगमा पूर्व सिकाई मान्यता (RPl) कार्यक्रम भएको थियो ।

२०८२।१०।२२ गतेका दिन कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष श्री पुष्कर राज ओझा ज्यूको अध्यक्षतामा सम्पुर्ण कार्यसमिती तथा बस्तुगत संघका प्रतिनीधीहरको उपस्थितीमा सशस्त्र प्रहरी बलका बरिष्ठ उपरिक्षक दिग विजय सुवेदी ज्यू र ३४ नं. गणका गणपती खुम बहादुर के.सी ज्यू लाई स्वागत तथा ३४ नं. गणका गणपती श्री सुरेन्द्र राज रंजीत ज्यूको विदाई कार्यक्रम भएको थियो ।

२०८२।११।१५ गतेका दिन कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष श्री पुष्कर राज ओझा ज्यूको अध्यक्षतामा आन्तरीक राजश्व कार्यालय कैलालीका प्रमुख श्री भिम प्रसाद काफ्ले ज्यूको स्वागत तथा परिचयात्मक कार्यक्रम सम्पुर्ण कार्यसमिती तथा बस्तुगत संघका प्रतिनीधीहरको उपस्थितीमा सम्पन्न भएको थियो ।

२०८२।११।२९ कैलाली उद्योग वाणिज्य संघको आयोजना तथा Helvetas/ENSSURE परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा कार्यस्थलमा हुने व्यवसाय जन्य स्वास्थ्य तथा सुरक्षा (OHS) को पूर्व तयारी साथै सिप अभिबृद्धि तालीमका लागी कामदार को उपलब्धताका विषय अन्तर्गतको छलफल कार्यक्रम भएको थियो ।

२०८२।१२।११ सामाजिक विकास राज्यमन्त्री सरस्वती खड्काज्यूको विशेष उपस्थिती सहीत कैलाली उद्योग वाणिज्य संघको सभाहलमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरियो ।

२०८२।१२।१८ गतेका दिन कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष श्री पुष्कर राज ओझा ज्यूको अध्यक्षतामा जिल्ला ट्राफिक कार्यालय प्रमुख श्री रेशम प्रसाद आचार्य ज्यूको स्वागत कार्यक्रम कार्यसमिती तथा बस्तुगत संघका प्रतिनीधीहरुको उपस्थितीमा सम्पन्न भयो ।

२०८२।१२।२६ गतेका दिन नेपाल सरकारका अर्थ सचीव डा. घनश्याम उपाध्याय ज्यूको प्रमुख आतिथ्यता तथा उद्योग वाणिज्य संघका का.वा अध्यक्ष श्री केशव राज जोशी ज्यूको अध्यक्षतामा आ.व २०८३।०८४ को वार्षिक बजेट तर्जुमा सम्बन्धी राजश्व परामर्श समिती सग सरोकारवालाहरुको छलफल तथा अन्तरक्रिया कार्यक्रम कार्यसमिती तथा बस्तुगत संघका प्रतिनीधीहरु र व्यवसायीहरुको उपस्थितीमा सम्पन्न भएको थियो ।

२०८३।१।८ र २०८३।१।१० मा कैलाली उद्योग वाणिज्य संघ का अध्यक्ष श्री पुष्कर राज ओझा ज्यू को अध्यक्षतामा बसेको बैठक दिगो तथा सम्मानित रोजगारका लागी सीप परियोजना दोस्रो संगको साझेदारीमा सञ्चालित हुन गईरहेको बार बेण्डर तालिमको ९६ घण्टाको Content task र credit hour यस क्षेत्रमा भए नभएको सम्बन्धमा छलफल कार्यक्रम गरियो ।

२०८३।१।२२ गते कैलाली उ.वा. संघ दिगो तथा सम्मानित रोजगारीका लागी सिप परीयोजना दोस्रो चरण अर्न्तगत सिप स्तरोन्नती तालीम अर्न्तगत विभिन्न पेशागत सरोकार वालाहरुसंग सिप पहीचान (Skill identisfication workshop) कार्यशाला मार्फत वाल पेपर सम्बन्धि (Cource Structure) तयार पार्न सम्बन्धमा कार्यक्रम ।

२०८३। १।२५ कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष श्री पुष्कर राज ओझा ज्यूको अध्यक्षतामा बसेको बैठकले दिगो तथा सम्मानित रोजगारीका लागी सीप परीयोजना दोस्रो संगको साझेदारीमा सञ्चालन हुन गई रहेको थ्री फेज पावर नेटवर्क एण्ड मेन्टेनेन्स तालीमको ९६घण्टाको Content task र creadit hour यस क्षेत्रमा भए नभएको सम्बन्धमा छलफल कार्यक्रम गरियो ।

२०८३।२।११ नेपाल राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय अत्तरियाका प्रमुख प्रहरी उपरीक्षक श्री नवराज कार्की ज्यूको सम्मानमा स्वागत भेटघाट तथा छलफल गर्न संघका अध्यक्ष श्री पुष्कर राज ओझा ज्यूको अध्यक्षता कार्यसमिती तथा बस्तुगत संघका प्रतिनीधीहरको उपस्थितीमा सम्पन्न भएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै कैलाली उद्योग वाणिज्य सघंका अध्यक्ष पुष्कर राज ओझाले प्रहरी प्रशासन र उद्योगी व्यवसायी बीचको सम्बन्ध एकअर्काका परिपूरक भएको उल्लेख गर्दै समाज हित, शान्ति सुरक्षा र व्यवस्थित व्यापारिक वातावरण निर्माणका लागि सहकार्य आवश्यक रहेको धारणा राख्नु भएको थियो ।कानुन कार्यान्वयन सगै व्यवसायमैत्री वातावरण कायम गर्न प्रहरी प्रशासनको भूमिका महत्वपूर्ण रहने धारणा व्यक्त गर्नु भएको थियो ।

त्यस्तै, नवआगन्तुक प्रमुख प्रहरी उपरीक्षक नवराज कार्कीले द्योगी व्यवसायी तथा सरोकारवाला सग समन्वय र सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । उनले सबै पक्षबाट प्राप्त हुने सल्लाह, सुझाव र सहयोगलाई आत्मसात गर्दै कानुनको पालना गराउने तथा सर्वसाधारणलाई सहज हुने गरी ट्राफिक व्यवस्थापन र सुरक्षा प्रणाली प्रभावकारी बनाइने बताए । कार्यक्रममा कैलाली उद्योग वाणिज्य सघंका पदाधिकारी, व्यवसायी तथा विभिन्न सरोकारवाला व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

२०८३।२।१४ कैलाली उद्योग वाणिज्य दक्ष जनशक्ती विकास तथा व्यवस्थापन सञ्चालन तथा रोजगार स्वरोजगार कार्य विधी २०८३ माथीको छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

२०८३।२।२० कैलाली उद्योग संघका अध्यक्ष श्री पुष्कर राज ओझा ज्यू को अध्यक्षतामा संघ र दिगो तथा सम्मानित रोजगार का लागि सीप परियोजना (ENSSURE-II) दोश्रो चरण अर्न्तगत सदस्य उद्योग तथा व्यवसायहरुमा औद्योगिक प्रशिक्षार्थी व्यवस्थापन कार्य विधि सम्बन्धी छलफल कार्यक्रम भएको थियो ।

२०८३।३।५ नेपालप्रहरी सुदुरपश्चिम प्रदेश प्रमुखको जिम्मेवारी समाल्नु भएका प्रहरी नायब माहानिरिक्षक श्री सानुराम भट्टराई तथा नेपाल सरकारको पररराष्ट्र सेवामा नाम निकाली सुदुरपश्चिम प्रदेश , प्रदेश प्रमुखको कार्यालयमा शिष्टाचार अधिकृतको रुपमा कार्यरत कैलाली उद्योग वाणिज्य संघ का निबर्तमान कार्यसमिति सदस्य श्री सुरेन्द्र कुमार बोहरा ज्यु को स्वागत तथा बधाई कार्यक्रम कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष श्री पुष्कर राज ओझा ज्युको अध्यक्षतामा सम्पन्न भएको थियो ।

जापान राजदूताबास नेपालका आर्थिक तथा राजनीतिक शाखाका Researcher लाई स्वागत

जापान राजदूताबास नेपाल का आर्थिक तथा राजनीतिक शाखाका Researcher काजुनारी सेकिया ज्यू लाई कैलाली उद्योग बाणिज्य संघमा स्वागत तथा आर्थिक बिषयबस्तुमा छलफल गरिएको थियो कार्यक्रममा कैलाली उद्योग वाणिज्य संघका का.वा.अध्यक्ष केशव राज जोशी,सचिव प्रकास कुमार चन्द,कार्यसमिती सदस्य ई.तर्क राज भट्ट कार्यकारी अधिकृत दिनेश राज ओझा लगायतको उपस्थिती रहेको थियो ।

व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना २०८०।२०८५ कार्यान्वियनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम

व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना २०८०-२०८५ कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम भएको थियो, कार्यक्रम कैलाली उद्योग वाणिज्य संघ र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को सहकार्यमा आयोजना भएको हो ।

मेची उद्योग वाणिज्य संघको टोलीलाई स्वागत कार्यक्रम

मेची उद्योग वाणिज्य संघका अध्यक्ष श्री खेमराज प्रसाईं लगायत पदाधिकारी ज्युहरुलाइ कैलाली उद्योग वाणिज्य संघ को कार्यालयमा स्वागत तथा भेटघाट कार्यक्रम ।

सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम

१९ बैशाख २०८३ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको अवसरमा कैलालीमा सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम आयोजना गरिएको थियो । कम्प्युटर एसोसिएसन नेपाल महासंघ कैलाली शाखाको आयोजना तथा कैलाली उद्योग वाणिज्य संघको सहकार्यमा आयोजित उक्त कार्यक्रम धनगढीमा सम्पन्न भएको थियो । कार्यक्रम क्यान कैलालीका अध्यक्ष नरेन्द्रराज अवस्थीको अध्यक्षतामा सम्पन्न भएको थियो भने कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्कर ओझा प्रमुख अतिथिका रूपमा सहभागी रहेका थिए। साथै, कम्प्युटर एसोसिएसन नेपाल महासंघका केन्द्रीय उपाध्यक्ष तथा प्रदेश अध्यक्ष धनबहादुर बोगटी लगायत अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा स्रोत व्यक्तिका रूपमा इन्जिनियर रोशन श्रेष्ठ तथा नेपाल प्रहरी प्रदेश अनुसन्धान ब्यूरोका सब-इन्स्पेक्टर जीवन चौधरीले सहजीकरण गरेका थिए । उनीहरूले साइबर अपराधका वर्तमान प्रवृत्ति, अनलाइन ठगीबाट जोगिने उपाय, डाटा सुरक्षाको महत्व तथा डिजिटल प्लेटफर्मको सुरक्षित प्रयोगबारे जानकारी दिएका थिए ।

वक्ताहरूले सूचना प्रविधिको तीव्र विकास सगै साइबर सुरक्षाका चुनौतीहरू पनि बढ्दै गएको उल्लेख गर्दै सचेतना अभिवृद्धिको आवश्यकता औंल्याएका थिए। सहभागीहरूले यस्ता कार्यक्रमबाट प्राप्त ज्ञानले व्यक्तिगत तथा व्यवसायिक सुरक्षामा सहयोग पुग्ने क्यान अध्यक्ष अबस्थीले जानकारी दिएका थिए । कार्यक्रममा विभिन्न क्षेत्रका व्यवसायी, आईटी विज्ञ, विद्यार्थी तथा सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । आयोजकले यस्ता कार्यक्रमहरूले डिजिटल साक्षरता अभिवृद्धि गर्नुका साथै सुरक्षित डिजिटल वातावरण निर्माणमा टेवा पुग्ने विश्वास व्यक्त गरेका थिए ।

कैलाली उद्योग वाणिज्य संघको समन्वयमा वर्तमान करनीति सम्बन्धी अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम

कैलाली उद्योग वाणिज्य संघको आयोजना तथा आन्तरीक राजश्व कार्यालय संगको समन्वयमा बिभीन्न बस्तुगत संघ तथा बजार व्यवसायी समितीहरको लागी बर्तमान करनिती सम्बन्धी अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरीएको छ । ६ वटा इभेन्टमा आयोजना गरीएको कार्यक्रममा ५०० जना भन्दा बढि व्यवसायीहरुको सहभागीता रहेको थियो ।

राजश्व न्यायाधिकरण सम्बन्धी अभिमुखीकरण

राजश्व न्यायधिकरणको कार्यालय नेपालगन्ज संगको समन्वयमा कैलाली उद्योग वाणिज्य संघद्वारा व्यवसायीहरुको लागी अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो र जसमा ६० जना व्यवसायीहरुको सहभागीता रहेको थियो ।

सहकार्य गर्न सकिने क्षेत्रका सम्बन्धमा छलफल

Save The Children को प्रतिनिधि मन्डललाइ कैलाली उद्योग वाणिज्य संघ मा स्वागत तथा आगामी सहकार्य गर्न सकिने क्षेत्रका सम्बन्धमा छोटो तर महत्वपूर्ण छलफल सम्पन्न भएको छ ।

प्रतिनिधि सभा सदस्यसंग अन्तरक्रिया कार्यक्रम

कैलाली क्षेत्र नं.५ का कैलाली-५ का प्रतिनिधिसभा सदस्य माननिय डा. आनन्द बहादुर चन्दले 'सुदूरपश्चिम इन्क्युबेसन तथा स्टार्टअप अवधारणा तथा व्यवसायीक जगतका सम्भावना।समसया तथा सरकारले गर्नुपर्ने पहलका सम्धन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जातिय,धार्मिक सहिष्णुता र शान्तिका लागि सद्भाव रयाली

मिति २०८३/०४/१८ गते धनगढी चौराहादेखि पार्कमोडसम्म कैलाली उद्योग वाणिज्य संघको संयोजन तथा आयोजनामा सद्भाव र्‍याली आयोजना गरिएको थियो ।

उक्त सद्भाव र्‍यालीमा विभिन्न धार्मिक संस्था तथा समुदाय, नागरिक समाज, बुद्धिजीवी, पत्रकार, व्यवसायी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण महानुभावहरू को गरिमामय उपस्थिति रहेको थियो ।

निजी क्षेत्रमा बालबालिकाको अधिकार संरक्षण गर्दै व्यवसायलाई बालमैत्री बनाउने र बालश्रम न्यूनीकरण गर्ने उद्देश्यले धनगढीमा सरोकारवालाबीच अन्तरक्रिया

सामुदायिक विकास केन्द्र (सिडिसी) डोटीको आयोजना तथा कैलाली उद्योग वाणिज्य सङ्घको समन्वयमा भएको कार्यक्रममा सुदूरपश्चिम प्रदेशको नौवटै जिल्लाबाट आएका नागरिक समाजका प्रतिनिधि, उद्योगी व्यवसायी, सिडिसीका प्रतिनिधि, प्रदेशस्तरीय बाल सञ्जालका पदाधिकारी तथा सामाजिक विकास मन्त्रालयका प्रतिनिधिको सहभागिता रहेको थियो।अन्तरक्रियामा निजी क्षेत्रभित्र बालश्रमको प्रयोग रोक्ने, व्यवसाय तथा कार्यस्थललाई बालमैत्री बनाउने, बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, शोषण तथा जोखिमपूर्ण काम रोक्ने र बाल अधिकारसम्बन्धी कानुनी व्यवस्थाबारे व्यवसायी तथा कर्मचारीलाई सचेत गराउने विषयमा छलफल गरिएको थियो ।कार्यक्रमका क्रममा उद्योग वाणिज्य संघ तथा बिभीन्न वस्तुगत संघका प्रतिनीधीहरुको सहभागीता रहेको थियो ।

कार्यक्रममा कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्कराज ओझाले बालबालिकाको संरक्षण र अधिकारका लागि कैलाली उद्योग वाणिज्य संघ प्रतिबद्ध रहेको र बालश्रममुक्त व्यवसाय निर्माणका लागि संघले आवश्यक पहल गर्ने प्रतिवद्धता जनाउनु भएको थियो ।

कैलाली उद्योग वाणिज्य संघबाट प्रदान गरिएका सेवा

व्यवसायीहरुका समस्या तथा गुनासो सुनुवाइको लागी बिभिन्न निकायमा सहजीकरण तथा पहल : १५३ पटक
संघ द्वारा उत्तपत्तीको प्रमाणपत्र जारी : ६०४
सचिवालय बाट व्यवसाय दर्ता सम्बन्धी सहजीकरण : ९० जना
बिभिन्न कार्यक्रमहरुमा संस्थागत प्रतिनिधीत्व : ८६ वटा कार्यक्रम

५२ औं साधारण सभा सम्मको सदस्यता विवरण

साधारण सदस्य : २४८० एसोसिएट : १४
उद्योग : २९४ अति साधारण : ४९
निर्माण तर्फ : ७४ जम्मा : २९५१
औषधी : २८
वस्तुगत संघ : १२

नेपाल उद्योग वाणिज्य महासंघमा कैलाली उद्योग वाणिज्य संघको प्रतिनिधित्व

रोजगारदाता परिषद् : पुष्कर राज ओझा, अध्यक्ष

- नेपाल उद्योग वाणिज्य महासंघ र अमेरिकी दूतावासको सहकार्यमा महासंघ सचिवालय, टेकुमा Industry deep Dive AI for Nepalese Priority Sectors विषयक एकदिवसीय अभिमुखीकरण कार्यक्रमा कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष श्री पुष्कर राज ओझा ज्यू को सहभागिता रहेको थियो ।
- नेपाल उद्योग वाणिज्य महासंघ तथा सोसल साइन्स बहा को संयुक्त आयोजनामा ३१ अगस्ट २०२६ मा महासंघको कार्यालय टेकु काठमाण्डौंमा आयोजित नेपालमा बाध्यकारी बालश्रमको अवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रममा कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष श्री पुष्कर राज ओझाको सहभागीता रहेको थियो ।

विभिन्न कार्यक्रमहरूमा संघबाट आर्थिक सहयोग प्रदान

सुदूरपश्चिममा आयोजना गरिने राष्ट्रिय स्तरका कार्यक्रमहरु, भौतिक पूर्वाधारको निर्माण, स्वास्थ्य, शिक्षा, पर्यटन, खेलकुदको विकास, धार्मिक कार्यका लागि यस संघवाट सक्दो आर्थिक सहयोग प्रदान गरिदै आएको छ ।

२०८३ भाद्र १० गते रसुवा जिल्ला लगायतमा आएको विनाशकारी वाडी लगायतका कारण भएको क्षती प्रति दुःख व्यक्त गर्दै कैलाली उद्योगा वाणिज्य संघले नेपाल सरकारको राहत कोषमा रु.५५५,५५५ रकम सहयोग गर्ने निर्णय गरेको छ ।

विभिन्न निकायहरूमा संघको प्रतिनिधित्व

यस संघवाट निम्नानुसारका निकायहरुमा निम्न बमोजिम प्रतिनिधित्व गरिएको छ ।

१. धनगढी उप महानगरपालिका राजश्व समिति ..... सदस्य
२. भंसार मुल्याकंन समिति ..... सदस्य
३. कैलाली बहुमुखी क्याम्पस व्यवस्थापन समिति..... सदस्य
४. नाष्ट कलेज व्यवस्थापन समिती ..... सदस्य
५. नेपाल रेडक्रस सोसाईटी कैलालीको दैवी प्रकोप उद्धार समिति..... सदस्य
६.घरेलु तथा साना उद्योग कार्यालय अर्न्तगतको Skill for Employment समितिको ..... सदस्य
७. राष्ट्रिय वाणिज्य बैंक धितो लिलाम समिति..... सदस्य
८) ऐश्वर्य वहूमूखी क्याम्पस व्यवस्थापन समिति.....सदस्य
९) जिल्ला विपत व्यवस्थापन समिती ..... सदस्य
१०) फाप्ला अन्तराष्ट्रिय क्रिकेट मैदान तथा खेल ग्राम पुर्वाधार समिती.....सदस्य
११) धनगढी उप महानगरपालिका विपत व्यवस्थापन समिती ..... सदस्य
१२) जाली समुदायीक बन व्यवस्थापन समिती ..... सदस्य

निकायहरूको कार्यक्रमहरूमा कैलाली कैलाली उद्योग वाणिज्य संघको सहभागिता

क्र.सं.	मिति	आयोजक	कार्यक्रमको विषय
१	२०८२।५।२४,२५,२६	मुक्त कमलरी विकास मञ्च	ढकिया का सामाग्रीहरु बुनाइ कार्यक्रम
२	२०८२।६।२८	श्रीमद हरिहर चतुर्मास अनुष्ठान	११ करोड दीप प्रज्वलन , शालीग्राम भगवान मा सवा करोड तुलसी पत्र अर्पण वेद पाठ १८ पुराण पाठ प्रवचन तथा सांस्कृतीक कार्यक्रममा सम्मान कार्यक्रम
३	२०८२।६।३१	राष्ट्रिय मानव अधिकार आयोग	राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयनको अवस्था र गर्नुपर्ने सुधार सम्बन्धमा छलफल कार्यक्रम

क्र.सं.	मिति	आयोजक	कार्यक्रमको विषय
४	२०८२।०७।१४	कैलाली जिल्ला फुटवल संघ	SPA College ANFA Inter School Football Tournament -2082 को समुदघाट्न कार्यक्रम
५	२०८२।०७।१४	ऐश्वर्य बहुमुखी क्याम्पस	क्याम्पस संञ्चालक समितीको वैठक
६	२०८२।७।२१ देखी २२	नेपाल रेडक्रस सोसाइटी	४० औं जिल्ला स्तरीय जुनियर । युवा रेडक्रस गोष्ठी
७	२०८२।७।२९	कैलाली हार्डवेयर एशोसियसन	बर्षिक साधारण सभा
८	२०८२।७।२९	कैलाली हार्डवेयर व्यवसायी संघ	१३ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशन
९	२०८२।७।२९	विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समिति	प्रदेश अधिवेशन
१०	२०८२।०८।१	आन्तरिक राजश्व कार्यालय	राष्ट्रिय कर दिवश
११	२०८२।०८।१	श्री शिवपुरी उत्तररामेश्वरमर ज्योतिर्लिङ्ग धाम	नवनिर्वाचन अध्यक्ष ज्यू लगायत सम्पूर्ण कार्यसमितीलाई बधाई कार्यक्रम
१२	२०८२।९।१२	धनगढी होलसेल व्यवसायी संघ	सातौं वार्षिक साधारण सभा तथा कर्मचारी मैत्री पेनाल्टी सुटआउट प्रतियोगिता र वृहत रक्तदान कार्यक्रम
१४	२०८२।९।१७	उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय	औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको २४३ औ बैठकको (ईटा उद्योग सम्बन्धी) निर्णय कार्यान्वयनका विषयमा
१५	२०८२।९।१८	कैलाली जिल्ला फुटबल संघ	BADRI-KUNTA MEMORIAL District level U - 16Smart Generation football Championship- 2026 प्रतियोगीता
१६	२०८२। ०९।२१	कैलाली बहुमुखी क्याम्पस	Business Talk Show
१७	२०८२।९।२५	चैतन्य पाठशाला	हार्दिक नेपाल र मानव चेतना विकास विषयक सत्सङ्ग कार्यक्रम
१८	२०८२।९।२६	कैलाली जिल्ला फुटबल संघ	BADRI-KUNTA MEMORIAL Districtlevel U - 16Smart Generation football Championship- 2026 प्रतियोगीता
१९	२०८२।९।२६	अपी बहुउद्देश्यीय सहकारी संस्था लि.	पाँचौं बार्षिक साधारण सभा
२०	२०८२।९।२७	पृथ्वी पथ प्रतिष्ठान	३०४ औं राष्ट्रिय एकता दिवस (पृथ्वी जयन्ती) का अवसरमा सांस्कृतिक कार्यक्रम सहित प्रभातफेरी (ऱ्याली) आयोजित कार्यक्रम
२१	२०८२।९।२७	पृथ्वी नारायण शाह सालिक निर्माण समिति	३०४ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवशको उपलक्ष्यमा मार्ल्यापण समारोह
२२	२०८२।९।२९	मनवसेवा आश्रम	वार्षिक आय-व्यय विवरण तथा प्रगति प्रतिवेदन सार्वजनिक (सामाजिक लेखा जोखा) कार्यक्रम
२३	२०८२।९।२९	टीकापुर उद्योग वाणिज्य संघ	औद्योगिक, सांस्कृतिक, शैक्षिक, कृषि एवं पर्यटकीय सम्भावना : समृद्ध सुदुरपश्चिमको परिकल्पना भन्ने मुल

क्र.सं.	मिति	आयोजक	कार्यक्रमको विषय
			नाराका साथ सुदुरपश्चिम औद्योगिक व्यापार मेला तथा टीकापुर महोत्सव २०८२
२४	२०८२।१०।३	कैलाली तरकारी तथा फलफुल व्यवसायी संघ	कैलाली तरकारी तथा फलफुल व्यवसायी संघ धनगढीको दोश्रो अधिवेशन
२५	२०८२।१०।५	धनगढी उप महानगरपालीका	विभिन्न विषय क्षेत्रमा निःशुल्क सीपमुलक तालिम संचालन तथा रोजगारी वा स्वरोजगारमा पदस्थापन हुने गरि सीप तथा रोजगार मेला २०८२
२६	२०८२।१०।१०	ऐश्वर्य बहुमुखी क्याम्पस	क्याम्पस सञ्चालक समितीको वैठक
२७	२०८२।१०।१०	राष्ट्रिय वाणिज्य बैंक	६१ औं वार्षिकोत्सव
२८	२०८२।१०।१२	नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय	सभ्य नागरिकको चिनारी सडक दुर्घटना न्युनिकरण हामी सबैको जिम्मेवारी
२९	२०८२।१०।१५	नेपाल रेडक्रस सोसाइटी	बृहत रक्तदान कार्यक्रम
३०	२०८२।१०।१९	कैलाली बहुमुखी क्याम्पस	४५ औं वार्षिकोत्सव तथा खेलकुद सप्ताह समापन समारोह
३१	२०८२।१०।२३	श्री बेहडावावा मन्दीर व्यवस्थापन सेवा समिती	नवनिर्मित दुर्गा माता र गणेश मन्दीरको प्राणप्रतिष्ठा हुने भएकाले धार्मिक पुण्य कार्यमा सहभागीता सम्बन्धमा
३२	२०८२ माघ २६ देखी फाल्गुन ३ गते सम्म	श्री महिला तथा बालबालिका सेभ हाउस	श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ
३३	२०८२।११।१	उद्योग, पर्यटन, वन तथा उपभोक्ता हित संरक्षण निर्देशनालय	सुरक्षित उत्पादन , विवेकशिल उपभोक्ता र जिम्मेवार प्रशासन भन्ने नाराका साथ विश्व उपभोक्ता अधिकार दिवश मनाउने कार्यक्रम
३४	२०८२।११।०९	बैतडी समाज कैलाली	बृहत रक्तदान महोत्सव
३५	२०८२।११।११	नेपाल राष्ट्र बैंक	जाली नोट पहिचान सम्बन्धी १ दिने सचेतनात्मक कार्यक्रम
३६	२०८२।११।११	फाप्ला अन्तराष्ट्रिय क्रिकेट मैदान तथा खेल ग्राम पुर्वाधार निर्माण विकास समिति	समितिको दशौं बैंठक
३७	२०८२।११।२८	कैलाली जिल्ला क्रिकेट संघ	कैलाली प्राइड लिग २० क्रिकेट प्रतियोगीता
३८	२०८२।१२।१	उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय	सुरक्षित उत्पादन विवेकशिल उपभोक्ता र जिम्मेवार प्रशासन भन्ने नाराका साथ विश्व उपभोक्ता अधिकार दिवस मनाउने कार्यक्रम
३९	२०८२।१२।५	धनगढी उपमहानगरपालिका	बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षन समितिको बैठक
४१	२०८२।१२।०५	कैलाली जिल्ला क्रिकेट संघ	कैलाली प्राईड लिग टी-२० अर्न्तपालिका क्रिकेट प्रतियोगिता -२०८२
४२	२०८२।१२।७	किराना व्यवसायी संघ	सातौं साधारण सभा तथा अधिवेशन
४३	२०८२।१२।१०	उद्यमशिलता र रोजगारीका	१ दिने रोजगार सहजीकरण छलफल कार्यक्रम

क्र.सं.	मिति	आयोजक	कार्यक्रमको विषय
		लागी तालिम तथा परामर्श केन्द्र	
४५	२०८२।१२।१३	श्री सरस्वती माध्यमिक विधालय	उद्योग /व्यवसाय संग अन्तर्रक्रिया र प्रशिक्षार्थी पदस्थापन कार्यक्रम
४६	२०८२।१२।१६	कैलाली बहुमुखी क्याम्पस	गुणस्तर प्रत्यायन सुनिश्चिता प्रमाण पत्र सम्बन्धी PRT टिमले सञ्चालक समिति पूर्व विधार्थी समाज, अभिभावक , बुद्धिजिबी, रोजगारदाता र सरोकारवालाहरुसंग PRT Team को छलफल तथा अन्तर्रक्रिया कार्यक्रम
४८	२०८२।१२।१५,१६,१७	ऐश्वर्य बहुमुखी क्याम्पस	गुणस्तर प्रत्यायन सुनिश्चिता प्रमाण पत्र सम्बन्धी PRT टिमले सञ्चालक समिति संग छलफल गर्ने कार्यक्रम
४९	२०८२।१२।१९	सामाजिक विकास मन्त्रालय	१९ औं विश्व अटिजम सचेतना दिवस २०२६
५१	२०८२।१२।२१	कैलाली वितरक संघ	चौंथो वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशन
५२	२०८२।१२।२४ देखी २६ गते सम्म	धनगढी उप महानगरपालिका	**विश्व खाद्य कार्यक्रम** (WFP) को आर्थिक तथा प्राविधिक समन्वय मा Innovative financial solution for local food system transformation in Nepal कार्यक्रम अन्तर्गत खाद्य प्रणाली रुपान्तरण रणनीतिक योजनाको स्थानिय करण गरी स्थानीय तहको रणनीतिक योजना तर्जुमा कार्यक्रम
५३	२०८२।१२।२६	कैलाली भन्सार कार्यालय	Revenue Advisory Meeting
५४	२०८२।१२।२८	नेपाल रेडक्रस सोसाइटी	नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाको ५०औं वार्षिक साधारण सभामा अतिथिको आसन ग्रहण गरिदिने सम्बन्धमा
५५	२०८३।१।१२	होटल व्यवसायी संघ	३४ औं बार्षिक साधारण सभा /वार्षिकोत्सव तथा ९ औं जिल्ला अधिवेशन
५६	२०८३।१।१८	श्री डकर्मी मजदूर संघ	१३७ औं श्रमिक दिवस
५७	२०८३।१।१८	प्रभात मिडिया एण्ड इभेन्ट प्रा.लि	सुप को सबैभन्दा वृहत प्रदेश स्तरीय गायन विधाको प्रतियोगिता SEE IDOL-5 को सेमिफाइनल कार्यक्रम
५८	२०८३।१।१८	धनगढी जेसिज	Dhangadhi Half Marathon २०२६ अब धनगढी दौडिन्छ कार्यक्रम
५९	२०८३।१।२४	निर्माण व्यवसायी संघ	२९ औं साधारण सभा एवम १२ औं अधिवेशन
६०	२०८३।१।२५	गोदावरी नगरपालिका	बहु प्रकोप कृतिम नमुना घटना अभ्यास कार्यक्रम
६१	२०८३।०१।२८ देखी ३० सम्म	सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान	UNFPA को आर्थिक सहयोग पिसवीन नेपालको सहजीकरण र सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना डोटीको आयोजनामा लैगिंक रुपान्तरण अवधारणा सम्बन्धी ३ दिने गैरआवासीय तालिम
६२	२०८३।२।२ देखी ३	सुदूरपश्चिम विकास फाउण्डेसन	सुदूरपश्चिम कचहरी : समृद्धिका लागि सार्थक संवाद कार्यक्रम । प्रदेशको विकास , लगानी , सुशासन , पर्यटन, शिक्षा, स्वास्थ्य तथा रोजगारी लगायतका विषयमा केन्द्रीत उक्त बहस कार्यक्रम
६३	२०८३।२।२	सामाजिक विकास मन्त्रालय	राष्ट्रिय व्यवसायिक योग्यता प्रणाली कार्वान्वयनसँग

क्र.सं.	मिति	आयोजक	कार्यक्रमको विषय
	देखी ७ गते सम्म		सम्बन्धित अनुभव आदान प्रदानका लागि अवलोकन तथा अध्ययन भ्रमण
६४	२०८३।०२।१५ देखी ७	YARD	बालमैत्री स्थानिय शासन (CFLG) सम्बन्धी तालिम
६५	२०८३।२।७	राष्ट्रिय मानव अधिकार आयोग	विश्वव्यापी आवधिक समीक्षा (UPR) सिफारिसहरु कार्यान्वयनमा प्रदेश सरकार तथा स्थानीयतहको भुकिाबारे प्रादेशिक परामर्श कार्यक्रम
६६	२०८३।२।८	बि.सि.एम. मोटर्स प्रा.लि.	नयाँ पर्यावरणमैत्री इलेक्ट्रिक गाडी TVS King EV Max को विशेष अनावरण तथा सार्वजनिक प्रस्तुतीकरण कार्यक्रम
६७	२०८३।२।९	कैलाली फर्निचर तथा फर्निसिङ्ग व्यवसायी संघ	चौथो साधारण सभा तथा तेस्रो अधिवेशन
६८	२०८३।२।२१	प्रभात मिडिया एण्ड इभेन्ट प्रा.लि.	धनगढी उत्सव मेला
६९	२०८३।२।२१	राष्ट्रिय अपाङ्ग महासंघ नेपाल	तेस्रो अधिवेसन तथा छैठो साधारण सभा
७०	२०८३।०२।२७	नेपाल उद्योग वाणिज्य महासंघ	सशक्त महिला, समृद्ध नेपाल
७१	२०८३।२।२८	सामाजिक विकास मन्त्रालय	परियोजना प्रगति समीक्षा र योजना तर्जुमा सम्बन्धी बैठक र कार्याशाला गोष्ठी
७२	२०८३।३।११	सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान	स्थापना दिवश
७३	२०८३।३।१२	FCA	६ महिने मेन्टरशिप तथा उद्यशिलता प्रबर्दधन कार्यक्रम आरोही शुभारम्भ कार्यक्रम
७४	२०८३।३।१६र १७	चलचित्र पत्रकार संघ नेपाल	सिनेमा सम्बाद चलचित्र, सञ्चार , पर्यटन तथा सिनेमा क्षेत्र संग सम्बन्धीत समसामायिक बिषयमा केन्द्रीत यस महत्वपुर्ण संवाद कार्यक्रम
७५	२०८३।३।१६	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	प्रादेशिक तथा स्थानिय स्तरमा पर्यटन क्षेत्रको व्यवस्थापनलाई प्रभावकारी बनाउन नेपालको प्रमुख पर्यटन गन्तव्यहरुका लागी DMOs को राष्ट्रिय ढाचा निर्माण गर्ने उद्देश्यले आयोजित छलफल कार्यक्रम
७६	२०८३।३।१८	सामाजिक विकास मन्त्रालय	सुदूरपश्चिम प्रदेशको प्राविधिक शिक्षा र व्यवसायीक तालिमको बस्तुस्थिती विवरण समेटिएको पार्श्वचित्र TVT Profile बारे सरोकारवाला हरुलाई जानकारी दिन कार्यशाला
७७	२०८३।३।१८	आन्तरीक राजस्व कार्यालय	करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम
७८	२०८३।३।२६	नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्था	Post Budget Interaction program Fiscal year 2083.84
७९	२०८३।३।२७	अत्तरिया उद्योग वाणिज्य संघ	पाँचौ वार्षिक साधारण सभा तथा चौथो अधिवेसन
८०	२०८३।३।२६र२७	नेपाल उद्योग वाणिज्य महासंघ सुदूरपश्चिम प्रदेश	दिगो रोजगारीका अवसरको बृद्धि गर्ने उद्देश्य सहित नीजि क्षेत्रको सहकार्यमा रोजगार सेवा केन्द्रको सञ्चालन र

क्र.सं.	मिति	आयोजक	कार्यक्रमको विषय
			संस्थागत गर्ने बिषय सम्बन्धमा रोजगार संयोजक र प्रतिष्ठानका मानव संसाधन अधिकृत र रोजगारदाताहरुका लागी २ दिने तालीम
८१	२०८३।३।२९	भुमी प्रशासन कार्यालय	थैली अंक कायम गर्ने प्रयोजन का लागी मालपोत नियमावली २०३६ को नियम ५ ख बमोजिम गठित समितिको बैठक
८२	२०८३।३।३१	गौरीगंगा उद्योग वाणिज्य संघ	पाचौं बार्षिक साधारण सभा
८३	२०८३।३।३२	फाप्ला अन्तराष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पुर्वाधार निर्माण विकास समिति	समितिको १२ औं बैठक
८४	२०८३।४।१	बागेश्वरी अटो मोटिभ्स	TVS Nepal ले नेपाली बजारमा TVS Apache RTR 160 4V USD मोटरसाइकलको Regional launch का रुपमा शुभारम्भ कार्यक्रम
८५	२०८३।२।५	सामाजिक बिकास मन्त्रालय	ENSSURE,NVQS,QualiTY परियोजना व्यवस्थापन समिती बैठक
८६	२०८३।४।८	विकासका लागी युवा ऐक्यवद्धता	शहरी क्षेत्रमा बालबालिका हरुका संरक्षणका सवाल सम्बन्धी सरोकारवालाहरु सँगको अन्तक्रियात्मक गोष्ठी
८७	२६ अगस्ट ०२६	नेपाल उद्योग परिसंघ	TVET Industry Council शुभारम्भ कार्यक्रममा संघका अध्यक्ष श्री पुष्कर राज ओझाको सहभागीता रहेको थियो ।

कैलाली उद्योग वाणिज्य संघ

धनगढी उप-महानगरपालिका -०१, कैलाली

पान नं. : ३०२७५९७४१



आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन



<u>लेखापरीक्षक</u>

सि. आर. ओझा एण्ड एशोसिएट्स

रजि. लेखा व्यवशायी फर्म

पान नं. : ३००२८६३९३ सि. आर. ओझा एण्ड एसोसिएट्स टेलिफोन नं. : ०९१-५२१३१५
सदस्यता नं. : २७६७ रजिष्टर्ड लेखापरीक्षक मोबाईल नं. : ९८४८४१३५६८
प्रमाण पत्र नं. : १५४८ 'घ' धनगढी -२, कैलाली Email : chetojha315@gmail.com
फर्म दर्ता नं. : ३४४७

स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

श्री अध्यक्ष ज्यू

श्री कैलाली उद्योग वाणिज्य संघ

धनगढी उप-महानगरपालिका -०१, कैलाली

कैफियत सहितको राय

हामीले श्री कैलाली उद्योग वाणिज्य संघ (यस पछि "संस्था" भनिएको) को यसै साथ संलग्न २०८३ आषाढ ३२ मितिको वित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय तथा व्ययको विवरण, नगद प्रवाह विवरण , कोषमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं।

रायको आधार शिर्षक अर्न्तगत समावेश भएका बिषय बस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा संस्थाको मिति २०८३ आषाढ ३२ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको आय तथा व्ययको विवरण, नगद प्रवाह विवरण, कोषमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु नेपाल लेखामान बोर्डद्धारा जारी गरिएको गैर नाफामुलक संस्थाहरुको लागि नेपाल लेखामान (NAS for NPOs) तथा प्रचलित कानुनका अधिनमा रही उचित चित्रण गर्दछ।

कैफियत सहितको रायका आधार

संस्थाको लेखापरीक्षणको क्रममा भेटिएका कैफियतहरु :

१. संस्थाले आफ्नो स्वामित्वमा रहेका चल अचल सम्पत्तिहरुको जिन्सी खाता अद्यावधिक गरेको देखिन्छ, तर मूल्याङ्कन सहितको जिन्सी अद्यावधिक गरेको देखिएन।

२. संस्थाको अनुमानित वार्षिक बजेट तयार गरी साधारण सभाबाट स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेमा सो अनुसार कार्यान्वियन भए गरेको देखिएन।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखामान बोर्डद्धारा जारी गरिएको गैर नाफामुलक संस्थाहरुको लागि नेपाल लेखामान (NAS for NPOs) तथा प्रचलित कानुनका अधिनमा रही सम्पन्न गरेका छौं। वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षणमान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्टयाई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ। संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ। नेपाल लेखापरीक्षण मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शिर्षक अन्तर्गत थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरेको "द ह्याण्ड बुक



अफ द कोड अफ इथिक्स् फोर प्रोफेसनल एकाउन्टेन्ट्स" (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी संस्थासँग स्वतन्त्र छौं र हामीले सो ह्याण्ड् बुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

संस्थाको वित्तीय प्रतिवेदनको लेखा मापदण्ड अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटी रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई विद्यालय विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यकता बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ ।

संस्थाको व्यवस्थापन/संचालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजीवा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्नेवारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएता पनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छन भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भन्ने, उक्त गलत प्रस्तुतिलाई सारभूत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मूल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तृतिहरुको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ ।

- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।

- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।

C.R.Ojha & Associates
Registered Auditors
Cert.no.3447
Dhanpadhi, Kailali, Nepal

- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले संस्थाको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेकोमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नु पर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ। हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ। तथापी भविष्यका घटना तथा अवस्थाहरुले संस्था अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ।

- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं।

अन्य कानुनी तथा नियमनकारी आवश्यकता अनुसारको प्रतिबेदन

माथि उल्लिखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई उपलब्ध सूचना तथा स्पष्टीकरण को आधारमा निम्नानुसारको थप प्रतिबेदन पेश गर्दछौं।

१. हामीलाई लेखापरिक्षणको लागि आवश्यक सूचना तथा स्पष्टिकरणहरु यथाशिघ्र पायौं।

२. प्रस्तुत विवरण संस्थाले राखेको हिसाब किताबहरु संग दुरुस्त छन्।

३. संस्थाले आफ्नो हिसाब किताब प्रचलित कानुन अनुसार ठिक संग राखेको छ।

४. हाम्रो लेखापरीक्षणको समयमा संस्थाको संचालक समितिका सदस्यहरु, कर्मचारीहरुले प्रचलित कानुन विपरित हुने गरी लेखासम्बन्धी कुनै अनियमितता, जालसाजी, सम्पत्तिको हिनामिना, हानी वा नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

५. हाम्रो लेखापरिक्षणको आधारमा संस्थाले

- आयकर ऐन २०५८ बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने अवस्थामा अग्रिम कर कट्टी गर्ने गरेको देखिन्छ। करकट्टी गरेको रकम इ.टि.डि.एस. गर्ने गरेको पाईयो।
- गत विगत देखि महोत्सव मेलाको अस्थायी भ्याट नं. लिई सो मेलामा भएको आय व्यय विवरणको लेखापरीक्षण भई आन्तरिक राजश्व कार्यालयमा आय विवरण पेश गरी कर फरफारक (कर चुक्ता प्रमाण पत्र समेत लिई) गरीसकेपछि बाँकी रहेको मेलाको मौज्दात रकम कार्यालयमा सर्न आएको देखिन्छ।
- कार्य समितिबाट अनुमानित वार्षिक बजेट तयार पारी साधारण सभाबाट स्वीकृत गराएर मात्र खर्च गर्ने परिपाटी अपनाउन हुन।

C.R.Ojha & Associates
Registered Auditors
Cert.no.3447
Dhungedhibi, Kalimati, Nepal

- संलग्न विवरण अनुसार गत विगत देखि शुभम आवास गृहबाट घरभाडा असुल उपर गर्न बाँकी देखिदै आएकोले यथासिघ्र असुलउपर गर्नु गराउनका सथै घरभाडा सम्झौता अनुसार महिना समाप्त भएपछि प्रत्येक महिनाको ५ गते भित्र घर भाडा A/C Pay गर्ने भनि लेखिएको भएता पनि सो अनुसार भए गरेको नदेखिएकोले नियमानुसार ब्याज सहित भाडा असुल उपर गर्न गराउन व्यवस्था मिलाउन हुन।

- संलग्न विवरण अनुसार विगत देखि लेखापरीक्षण प्रतिवेदनमा पूर्व कार्य समिति सदस्य पुजा कुँवरको नाममा विना उद्देश्यको पेश्की रु.२०००००।- देखिन आएकोले हाल सम्म पनि असुल उपुर नभएकोले यथासिघ्र असुल उपर गर्न हुन।

- विगत देखि प्रतिवेदनको लेखाटिप्पणी/ सुझाबहरुमा पेश्की सम्बन्धमा उल्लेख भएको सुझाबहरु यस संघ/व्यवस्थापन द्वारा कार्यान्वयन भएको देखिएन। अति आवश्यक कामका लागि पेश्की दिनु पर्ने अवस्था आएमा मात्र पेश्की दिई नियमावलीमा तोकिएको अवधि भित्र पेश्की फछ्यौंट गर्न गराउनका साथै गत विगतको पेश्की फछ्यौंट गरेर मात्र पेश्की दिने व्यवस्था मिलाउन हुन सुझाब छ।

C.R.Ojha & Associates * Registered Auditors Cert.no.3447 * Dhanagadhi, Kailali, Nepal *

२०८३/०५/१५

आर. ए. चेत राज ओझा

प्रोप्राईटर

सि. आर. ओझा एण्ड एसोसिएट्स

मिति : २०८३/०५/१५

स्थान : धनगढी, कैलाली

UDIN : 260905RA02767HS967

कैलाली उद्योग वाणिज्य संघ
धनगढी उप–महानगरपालिका –०१, कैलाली
प्रमुख लेखा नीति तथा टिप्पणीहरु
आ. ब. २०८२/८३

१. संस्थाको सामान्य परिचय :

श्री कैलाली उद्योग वाणिज्य संघ धनगढी उप-महानगरपालिकाको वडा नं. १ धनगढी, कैलालीमा अवस्थित रहेको छ । संस्था प्रचलित ऐन कानुन बमोजिम मिति २०२७ सालमा स्थापनना भएको गैर नाफामुलक संस्था हो ।

यस संघले सुदूरपश्चिमको आर्थिक तथा सामाजिकविकासका लागि यस क्षेत्रमा रहेका सम्भावना र अवसरहरुको पहिचान र तिनीहरुको प्रचार प्रसार भए पश्चात मात्र सुदूरपश्चिमलाई चिनाउन सकिन्छ भन्ने मान्यता राख्दै हरेक वर्ष सुदूरपश्चिम महोत्सव गर्दै आईरहेको छ ।

२. वित्तीय विवरण तयारीको आधार

२.१ सम्बन्धित मानहरुको पालना

श्री कैलाली उद्योग वाणिज्य संघको वित्तीय विवरण, जसले २०८३ साल असार मसान्तको वित्तीय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को आय व्यय विवरण, नगद प्रवाह विवरण, कोषमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु, नेपाल लेखामान बोर्ड द्वारा जारी भएको गैर नाफामुलक संस्थालाई नेपाल लेखामान (NAS for NPOs) अनुसार लागु हुने हदसम्म आंशिक रुपमा पालना भएको छ ।

२.२ मापनको आधार

संस्थाले वित्तीय विवरणहरु ऐतिहासिक लागत/उचित मूल्य को आधारमा सम्पत्तिहरु, दायित्वहरु र कोषहरुको मापन गरी तयार गरेको छ ।

२.३ रकमको मुद्रा र पैसाको रकमान्तर

वित्तीय विवरणमा रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ ।

C.R.Ojha & Associates Registered Auditors Cert.no.3447 Dhangadhi, Kailali, Nepal

२.४ लेखा नीतिहरुमा भएको परिवर्तन र खुलासाहरु

संस्थाले विगतका शिर्षकमा भैं लेखा नीतिहरु स्थीर रुपमा लागु गरेको देखिन्छ ।

२.५ महत्वपूर्ण लेखा निर्णय, अनुमान र मान्यताहरु

वित्तीय विवरणहरुको तयारीका लागि केही महत्वपूर्ण लेखा अनुमान र निर्णयहरुको प्रयोग आवश्यक पर्न सक्दछ । लेखा नीतिहरु लागु गर्ने निर्णयको लागि व्यवस्थापनको निर्णय आवश्यक छ । व्यवस्थापनले भविष्यका घटनाहरुको सम्बन्धमा अनुमान र निहितहरु निश्चिती गर्दछ । अनुमान र निर्णयहरुको निन्तर मूल्याङ्कन ऐतिहासिक अनुभव र अन्य कारकहरुमा आधारित हुन्छन् , भविष्यमा हुने घटनाहरुको अपेक्षाहरु सहित परिस्थितिमा उचित मानिन्छ । भविष्यमा यी अनुमान र निहितहरु वास्तविक परिणाम भन्दा फरक हुन सक्छन । यस लेखा निति तथा टिप्पणिको अन्य वुद्वामा उल्लेख गरेको बाहेक हाल अन्य महत्वपूर्ण लेखा नितिहरु नभएको घोषणा गर्दछौं ।

२.६ अविच्छिन्न सञ्चालन (Going Concern)

संस्थाको वित्तीय विवरण, अविछिन्न संचालन निकायको अवधारणालाई आधार मानि तयार गरिएको छ ।

३. प्रमुख लेखा नीतिहरु :

श्री कैलाली उद्योग वाणिज्य संघको वित्तीय विवरण लेखाका सर्वमान्य सिद्धान्त, नेपाल लेखामान तथा प्रचलित ऐन, नियमावलीको नीति निर्देशन अनुसार तयार गर्ने व्यवस्थापनबाट प्रयास गरिएको छ ।

३.१ जयजेथा, प्लान्ट र उपकरण

क. सम्पति पूजिंकरण गर्ने नीति, लागत र मूल्याङ्कन

१ वर्ष पछि सम्म पनि अर्थिक लाभ दिने अनुमान भएको र रु. २००० माथीको स्वरिद वा स्वर्चलाई मात्र पूँजीकरण गर्ने नीति रहेको छ । जायजेथा, प्लान्ट र उपकरणका सबै सम्पत्तिहरु सुरुमा लागतमा नै लेखाङ्कन गरिन्छ र त्यसपछि लागतबाट सचित हासकट्टी घटाएर देखाइन्छ ।

ख. हासकट्टी

संस्थाले नेपाल लेखामान अनुसारको समदरमा स्थिर सम्पतिको हास कट्टी नगरी घट्दो कट्टी दर (Diminishing Method) अनुसार गरिएको छ । सम्पतिमा हास कट्टी आयकर ऐन २०५८ को अनुसुची २ मा व्यवस्था भए अनुसारको दरले गणना गरिएको छ ।

ग. अनुदानमा प्राप्त सम्पत्ति

अनुदानमा प्राप्त सम्पत्तिलाई जायजेथा, प्लान्ट र उपकरणमा थपि सोही बराबरको रकमलाई पूँजीगत कोषमा देखाइएको छ र प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा ह्रासकट्टीको बराबरको रकम सम्पति मूल्यबाट मात्र घटाईएको हुँदा यस आ. ब. को पूँजीगत अनुदान र गत आ.ब. को पूँजीगत अनुदान र कमलाई पूँजीगत कोष देखाइएको छ । साथै सम्पत्तिको ह्रासकट्टीको बराबरको रकम सम्पति मूल्य र पूँजीगत कोषमा घटाएर देखाउने संस्थाको नीति रहेको छ ।

३.२ अमूर्त सम्पति

अमूर्त सम्पत्तिलाई शुरुमा लागतमा नै लेखांकन गरिन्छ र त्यसपछि लागतबाट संचित amortization घटाएर देखाइन्छ । लेखा सफ्टवेयरको आयु ३ वर्ष मानि बराबर रकम प्रत्येक वर्ष amortization मा देखाउने नीति रहेको छ । यस आ.ब. मा संस्थाको अमूर्त सम्पति रहेको छ ।

३.३ विदेशी मुद्राको करोवार

विदेशी मुद्रमा करोवार हुदा कारोवार मितिको परिवर्तन दरले नेपाली मुद्रामा रुपान्तरण गरी लेखांकन गरिएको छ । प्रतिवेदन अवधिको अन्तिम दिनमा बाँकि रहेको सम्पति र दायित्वलाई सोहि मितिको विदेशी मुद्रा परिवर्तन दरले रुपान्तरण गरी लेखांकन गरिएको छ । यसरी रुपान्तरण गर्दा आउने फरक रकम नै विदेशी मुद्रा रुपान्तरण हुने नाफा वा नोक्सान हो । विदेशी मुद्रा परिवर्तनको दरमा आएको फेर बदलले हुन आएको नाफा वा नोक्सानलाई आय व्यय विवरणमा लेखांकन गर्ने नीति रहेको छ । तर यस आ.व. मा संस्थाले विदेशी मुद्रामा कारोवार गरेको छैन ।

३.४ नगद र नगद सरह

संस्थाको नगद र नगद सरहमा नगद मौज्दात, विभिन्न बैंकहरुमा रहेको बैंक मौज्दात, र हिसाब मिलान पछिको र छोटो अवधिका बचत जुन ३ महिनाभित्र फिर्ता हुन्छ त्यसलाई राख्ने नीति रहेको छ ।

३.५ मौज्दात

मौज्दातको लागत वा उचित मूल्य जुन कम हुन्छ, सोहि रकम नै मौज्दातको मूल्यांकन गरी लेखांकन गर्ने नीति रहेको छ । मौज्दातको लागत चाहिँ पहिले प्राप्त भएको सामान (मौज्दात) पहिले नै निःसर्ग हुन्छ (First in First Out, FIFO) भन्ने आधारमा गरिने नीति रहेको छ ।

३.६ कोषहरुको गठन, प्राप्त र सदुपयोग वा स्वर्च

संस्थासंग सचिति कोष, पूँजीगत कोष र प्रतिवन्धित कोष गरि जम्मा तिनवटा कोष रहेका छन। सचित कोषमा हरेक वर्षको कर पछिको बचत वा नोक्सानलाई रकमान्तर गरिन्छ। पूँजीगत कोषमा पूँजीगत सम्पतिको लागी प्राप्त अनुदानलाई लेखांकन गर्ने गरिएको छ। प्रतिवन्धित कोषमा कुनै खास प्रयोजनको लागी प्राप्त अनुदानलाई लेखांकन गरिएको छ।

३.७ अनुदान र सब्सिडीहरु

संस्थामा प्राप्त भएको नगद अनुदान सम्बन्धित आ.व.मा भएको स्वर्चको रकमसम्म सोहि वर्ष आम्दानी लेखांकन र बाँकी रकमलाई स्थगन आम्दानीमा लेखांकन गर्ने नीति रहेको छ। गैर नगद र अनुदानको हकमा, उचित मूल्यमा, सम्बन्धित आ.व.मा नै स्वर्च लेखिने रकमलाई आम्दानी जनाइन्छ र स्थिर सम्पतिमा जानेलाई स्थिर सम्पतिमा लगि पूँजीगत कोषमा लेखांकन गर्ने नीति रहेको छ।

३.८ आम्दानीको लेखाङ्कन

संस्थाले गरेका आम्दानीहरुको लेखांकन गर्ने आधार नगद रहेको छ।

३.९ स्वर्चको लेखाङ्कन

संस्थाले गरेका स्वर्चको लेखांकन गर्ने आधार प्रोदभावी रहेको छ।

३.१० कर

संस्थाको आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजम सामाजिक सुरक्षा करको गणना गर्ने नीति रहेको छ। यस आ.ब. मा संस्थाको आयकर र स्थगन करको व्यवस्था गरिएको छैन।

३.१६ लेखा विवरणको ढाँचा र विगत वर्षका रकमहरु

लेखा विवरणहरु ऐनले तोकेको ढाँचामा पेश गरिएको छ। सो को निमित्त गत वर्ष सम्मका रकमहरु आवश्यकता अनुसार पुन वर्गीकरण गरिएका छन् तथा गत वर्षको अंकहरुलाई प्रस्तुत वर्षको अंकसँग तुलना हुने गरी आवश्यकता अनुसार पुनर्गठन वर्गीकरण गरिएको छ।

कैलाली उद्योग वाणिज्य संघ
धनगढी उप-महानगरपालिका -०१, कैलाली
वित्तीय स्थितिको विवरण
२०८३ असार मसान्तको

विवरण	टिप्पणी	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
सम्पत्ति			
गैर चालू सम्पत्ति			
सम्पत्ति, प्लान्ट र उपकरण	४.१	३७,२५९,६२२.३४	२७,५७३,७२०.८५
अमूर्त सम्पत्ति	४.२	-	-
दीर्घकालिन लगानि	४.३	५,०००.००	-
जम्मा गैर चालू सम्पत्ति		**३७,२६४,६२२.३४**	**२७,५७३,७२०.८५**
चालू सम्पत्ति			
जिन्सी मौज्दात	४.४	-	-
प्राप्तयोग्य खाता	४.५	१,५९९,७१६.५४	४,३४२,३१९.००
नगद तथा नगद सरह	४.६	७,२८८,९७५.३७	६,८५६,३८६.७४
जम्मा चालु सम्पत्ति		**८,८८८,६९१.९१**	**११,१९८,७०५.७४**
जम्मा सम्पत्ति		**४६,१५३,३१४.२५**	**३८,७७२,४२६.५९**

दायित्व तथा कोषहरु			
कोष			
निस्तं कोष सचित कोष	४.७	४२,३०७,०४४.९७	२५,०८९,०००.५९
निर्दिष्ट कोष	४.८	३,६५०,०००.००	११,७५०,०००.००
प्रतिवन्धित कोष	४.९	-	-
अक्षय कोष	४.१०	-	-
अन्य पूंजी कोष	४.११	-	-
जम्मा संचित कोषहरु		**४५,९५७,०४४.९७**	**३६,८३९,०००.५९**
गैर चालू दायित्व			
स्थगन आय	४.१२	-	-
जम्मा गैर चालू दायित्व		**-**	**-**
चालु दायित्व			
भुक्तानी योग्य खाता	४.१३	१९६,२६९.२८	१,९३३,४२६.००
व्यवस्थाहरु	४.१४	-	-
जम्मा चालु दायित्व		**१९६,२६९.२८**	**१,९३३,४२६.००**
जम्मा दायित्व		**१९६,२६९.२८**	**१,९३३,४२६.००**
जम्मा दायित्व र कोषहरु		**४६,१५३,३१४.२५**	**३८,७७२,४२६.५९**

लेखा टिप्पणीहरु वित्तिय विवरणहरुको अभिन्न हिस्सा हुन् ।

हाम्रो प्रतिवेदन तत्कालको मितिको अनुसार

तुलसी साउँद	दिनेश राज ओझा	तिलक बहादुर बोहरा	दिनेश लम्साल	पुष्कर राज ओझा
लेखा अधिकृत	कार्यकारी निर्देशक	कोषाध्यक्ष	महासचिव	अध्यक्ष

चेत राज ओझा
लेखापरीक्षक

कैलाली उद्योग वाणिज्य संघ
धनगढी उप-महानगरपालिका -०१, कैलाली
आय र व्ययको विवरण
२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्त सम्मको

विवरण	टिप्पणी	चालू बर्ष (रु.)	गत बर्ष (रु.)
आम्दानी			
परियोजना संचालन आम्दानी	४.१५	२,१७५,०४४.२०	-
संस्थाको आन्तरिक आम्दानी	४.१६	९,६४८,७२४.१९	४,०८५,४९४.१६
अन्य आम्दानी	४.१७	७१५,१८१.३७	३८५,९३५.६७
जम्मा आम्दानी		**१२,५३८,९४९.७६**	**४,४७१,४२९.८३**
व्यय			
कर्मचारी खर्च	४.१८	५,८५७,००९.२४	२,८०५,७९७.००
कार्यक्रम खर्च	४.१९	७,२७४,४५४.७९	२,९९७,३२०.६१
सामान्य प्रशासनिक तथा अन्य खर्च	४.२०	२,५२०,५४२.१५	२,४५२,१५२.१०
ह्रासकट्टी खर्च	४.२१	२,०१४,६०२.२९	७८५,०५१.११
जम्मा खर्च		**१७,६६६,६०८.४७**	**९,०४०,३२०.८२**
खुद अधिशेष / (घाटा)		**(५,१२७,६५८.७१)**	**(४,५६८,८९०.९९)**
		-	-
खुद अधिशेष / (घाटा)		**(५,१२७,६५८.७१)**	**(४,५६८,८९०.९९)**
बर्षको अधिशेषको विनियोजन		-	-
संचित कोषमा विनियोजन		(५,१२७,६५८.७१)	(४,५६८,८९०.९९)
निर्दिष्ट कोषमा विनियोजन		-	-
अक्षय कोषमा विनियोजन		-	-

लेखा टिप्पणीहरु विनिय विवरणहरुको अभिन्न हिस्सा हुन् ।

हाम्रो प्रतिवेदन तत्कालको मितिको अनुसार

तुलसी साउँद	दिनेश राज ओझा	तिलक बहादुर बोहरा	दिनेश लम्साल	पुष्कर राज ओझा
लेखा अधिकृत	कार्यकारी निर्देशक	कोषाध्यक्ष	महासचिव	अध्यक्ष

२०८३/०६/१२

चेत राज ओझा
लेखापरीक्षक

कैलाली उद्योग वाणिज्य संघ धनगढी २०२७

C.R.Ojha & Associates * Dhangadhi, Kailali, Nepal * Registered Auditors Cert.no.3447

कैलाली उद्योग वाणिज्य संघ

धनगढी उप-महानगरपालिका -०१, कैलाली

नगद प्रवाहको विवरण

२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्त सम्मको

रकम रु.

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
संचालन गतिविधीबाट नगद प्रवाह		
कर अघि खुद अधिशेष / (घाटा)	(५,१२७,६५८.७१)	(४,५६८,८९०.९९)
खुद नगद प्रवाहको अधिशेष र (घाटा) को मिलानगर्नको लागि समायोजनहरु		
गैर नगदी मौज्दातहरु		
सम्पत्ति, प्लान्ट र उपकरणको ह्रास तथा क्षय	२,०१४,६०२.२९	७८५,०५१.११
अमूर्त सम्पत्तिको परिशोधन	-	-
जिन्सी मौज्दातमा जोखिम व्यवस्था	-	-
व्यवस्था, प्राप्तयोग्य खाता र समन्धित जोखिममा परिवर्तन	-	-
ब्याज र धितो मार्फत आय	-	-
स्थगन आय	-	-
स्थिर सम्पत्तिको निःशर्गबाट लाभ	-	-
चालू पूँजीको समायोजन		
प्राप्तयोग्य खाता	२,७४२,६०२.४६	१,६११,७६५.५६
कोषमा थप/घट	१४,२४५,७०३.०९	७,०६४,२१९.०१
भुक्तानीयोग्य खाता	(१,७३७,१५६.७२)	(४५२,९५१.६९)
ऋण र सापटी	-	-
अक्षय कोषमा परिवर्तन	-	-
प्रतिबन्धित कोषमा परिवर्तन	-	-
ब्याज भुक्तानी	-	-
आयकर भुक्तानी	-	-
खुद संचालन गतिविधीबाट नगद प्रवाह	**१२,१३८,०९२.४१**	**४,४३९,१९३.००**
लगानी गतिविधिबाट नगद प्रवाह		
सम्पत्ति, प्लान्ट र उपकरणको खरीद	(११,७००,५०३.७८)	(१८,१११,३११.१७)
अमूर्त सम्पत्तिको खरीद	-	-
सम्पत्ति, प्लान्ट र उपकरणको बिक्रिबाट बाट प्राप्त नगद	-	-
लगानी सम्पत्ति खरिद	-	-
लामा अवधिका लगानी	(५,०००.००)	१०,०००,०००.००
ब्याज आम्दानी	-	-
खुद लगानी गतिविधिबाट नगद प्रवाह	**(११,७०५,५०३.७८)**	**(८,१११,३११.१७)**
वित्तिय गतिविधिबाट नगद प्रवाह		
सरकारबाट ऋण सापटी	-	-
सरकारको ऋणको भुक्तानी	-	-
वित्तिय गतिविधिबाट खुद नगद प्रवाह	-	-
नगद र नगद सरहमा भएको खुद थप/(घट)	**४३२,५८८.६३**	**(३,६७२,११८.१७)**
अघिल्लो आ व को नगद तथा नगद सरह	६,८५६,३८६.७४	१०,५२८,५०४.९५
यस आ व को नगद तथा नगद सरह	७,२८८,९७५.३७	६,८५६,३८६.७८

तथा टिप्पणीहरु वित्तिय [illegible] अभिन्न हिस्सा हुन ।

हामी [illegible] तत्कालको मितिको अनुसार

तुलसी साउँद लेखा अधिकृत	दिनेश राज ओझा कार्यकारी निर्देशक	तिलक बहादुर बोहरा कोषाध्यक्ष	दिनेश लम्साल महासचिव	पुष्कर राज ओझा अध्यक्ष

कैलाली उद्योग वाणिज्य संघ ★ २०२७ ★ धनगढी

चेत राज ओझा
लेखापरीक्षक

C.R.Ojha & Associates ★ Dhangadhi, Kailali, Nepal ★ Registered Auditors Cert.no.3447

कैलाली उद्योग वाणिज्य संघ

धनगढी उप-महानगरपालिका -०१, कैलाली

कोष परिवर्तनको विवरण

२०८३ असार मसान्तको

विवरण्म	निसर्त/संचित कोष	निर्दिष्ट कोष	प्रतिबधित कोष	अक्षय कोष	पूंजी कोष	वर्षको थप/घट	जम्मा
असार, ३१ २०८१ को मौज्दात	२९,६५७,८९१.५८	११,७५०,०००.००	-	-	-		४१,४०७,८९१.५८
वर्षको विनियोजन							
प्रतिबन्धित कोषमा विनियोजन	-	-	-	-	-	-	-
निर्दिष्ट कोषमा विनियोजन					-	-	-
निशर्त कोषमा विनियोजन	(४,५६८,८९०.९९)	-		-		(४,५६८,८९०.९९)	(४,५६८,८९०.९९)
अक्षय कोषमा विनियोजन	-	-		-	-	-	-
पूंजी कोषमा विनियोजन	-	-		-	-	-	-
साउन, ०१ २०८२ को मौज्दात	२५,०८९,०००.५९	११,७५०,०००.००	-	-	-	(४,५६८,८९०.९९)	३६,८३९,०००.५९
वर्षको विनियोजन							-
प्रतिबन्धित कोषमा विनियोजन	-	-	-	-	-	-	-
निर्दिष्ट कोषमा विनियोजन						-	-
निशर्त कोषमा विनियोजन	(५,१२७,६५८.७१)	-		-	-	(५,१२७,६५८.७१)	(५,१२७,६५८.७१)
अक्षय कोषमा विनियोजन	-	-		-	-	-	-
कोषमा विनियोजन - थप घट	२२,३४५,७०३.०९	(८,१००,०००.००)		-	-	१४,२४५,७०३.०९	१४,२४५,७०३.०९
असार, ३२ २०८३ को मौज्दात	४२,३०७,०४४.९७	३,६५०,०००.००	-	-	-	४,५४९,१५३.३९	४५,९५७,०४४.९७

लेखा टिप्पणीहरू वित्तिय विवरणहरूको अभिन्न हिस्सा हुन्।

हाम्रो प्रतिवेदन तत्कालको मितिको अनुसार

तुलसी साउँद
लेखा अधिकृत

दिनेश राज ओझा
कार्यकारी निर्देशक

तिलक बहादुर बोहरा
कोषाध्यक्ष

दिनेश लम्साल
महासचिव

पुष्कर राज ओझा
अध्यक्ष

चेत राज ओझा
लेखापरीक्षक

C.R.Ojha & Associates * Registered Auditors Cert.no.3447 * Dhangadhi, Kailali, Nepal

कैलाली उद्योग वाणिज्य संघ २०७७ धनगढी

कैलाली उद्योग वाणिज्य संघ

धनगढी उप-महानगरपालिका -०१, कैलाली

आ व २०८२/८३ को लेखा निती तथा टिप्पणीहरु

रकम

४.१ सम्पत्ति , प्लान्ट तथा उपकरणहरु

	जमिन	भवन	कम्प्युटर / प्रिन्टर	फर्निचर	कार्यालय उपकरण	सवारी साधन	मेसिनरी तथा अन्य सामान	जम्मा
लागत								
सुरु मौज्दात २०८१.०४.०१	३२०,०००.००	८,४९४,०१०.२६	२७३,७८६.८५	२२७,३६५.३०		१७३,५८८.५६	७८७,२३१.०८	१०,२७५,९८२.०५
थप खरिद	-	१३८,०५०.७८	४२९,२४३.२५	३२,८८३.००		१४६,४९७.००	-	७४६,६७४.०३
निर्माणाधिन सम्पत्ति	-	१७,३६४,६३७.१४	-	-		-	-	१७,३६४,६३७.१४
पुनर्मूल्याकन	-	-				-	-	-
दानमा प्राप्त								
बिक्री हस्तान्तरण	-	-	-	-		(२८,५२१.२६)	-	(२८,५२१.२६)
अन्तिम मौज्दात २०८२.०३.३२	३२०,०००.००	२५,९९६,६९८.१८	७०३,०३०.१०	२६०,२४८.३०	-	२९१,५६४.३०	७८७,२३१.०८	२८,३५८,७७१.९६
थप खरिद	-	११,६०८,७६९.२७	९१,७३४.५१	-		-	-	११,७००,५०३.७८
दानमा प्राप्त	-	-	-	-				-
पुनर्मूल्याकन	-	-						-
बिक्री								-
अन्तिम मौज्दात २०८३.०३.३२	३२०,०००.००	३७,६०५,४६७.४५	७९४,७६४.६१	२६०,२४८.३०	-	२९१,५६४.३०	७८७,२३१.०८	४०,०५९,२७५.७४
ह्रास कट्टी								
सुरु मौज्दात २०८१.०४.०१	-	-	-	-	-	-	-	-
यस वर्षको ह्रास कट्टी	-	४२७,००१.३६	१२२,०७०.६५	५९,५८१.५८		५८,३१२.८६	११८,०८४.६६	७८५,०५१.११
अन्तिम मौज्दात २०८२.०३.३२	-	४२७,००१.३६	१२२,०७०.६५	५९,५८१.५८	-	५८,३१२.८६	११८,०८४.६६	७८५,०५१.११
यस वर्षको ह्रास कट्टी	-	१,६७६,१९१.५२	१५२,८८४.४१	५०,१६६.६८	-	३४,९८७.७२	१००,३७१.९६	२,०१४,६०२.२९
अन्तिम मौज्दात २०८३.०३.३२	-	२,१०३,१९२.८८	२७४,९५५.०६	१०९,७४८.२६	-	९३,३००.५८	२१८,४५६.६२	२,७९९,६५३.४०
खुद रकम								
२०८१.०४.०१	३२०,०००.००	८,४९४,०१०.२६	२७३,७८६.८५	२२७,३६५.३०	-	१७३,५८८.५६	७८७,२३१.०८	१०,२७५,९८२.०५
२०८२.०३.३२	३२०,०००.००	२५,५६९,६९६.८२	५८०,९५९.४५	२००,६६६.७३	-	२३३,२५१.४४	६६९,१४६.४२	२७,५७३,७२०.८५
२०८३.०३.३२	३२०,०००.००	३५,५०२,२७४.५७	५१९,८०९.५६	१५०,५००.०४		१९८,२६३.७२	५६८,७७४.४६	३७,२५९,६२२.३४

C.R.O. Registered Auditors Regd.no.3447 Nepal

4.2 अमूर्त सम्पत्ति

कुल मूल्य

विवरण	सुरु मौज्दात	यस अवधिमा थप	यस अवधिमा निसर्ग	अन्तिम मौज्दात
सफ्टवेयर	-		-	-
जम्मा	-	-	-	-

परिशोधन

विवरण	सुरु मौज्दात	वर्षको परिशोधन		अन्तिम मौज्दात
सफ्टवेयर	-	-	-	-
जम्मा	-	-	-	-
कुल मूल्य	-			-

लगानी सम्पत्ति	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
जमिन	-	-

कैलाली उद्योग वाणिज्य संघ

धनगढी उप-महानगरपालिका -०१, कैलाली

वासलात तथा नाफा नोक्सान खातासँग सम्बन्धित अनुसुचीहरु

आ.व. २०८२।०८३ को सम्पत्ति, प्लान्ट र उपकरण (ह्रासकट्टी विवरण)

क.सं.	सम्पत्तिको विवरण	परिमाण	गत वर्ष सम्मको लागत मूल्य	गत वर्ष सम्मको ह्रासकट्टी	गत वर्षको ह्रासकट्टी पछिको बाँकी मुल्य	यस वर्षको खरिद			यस आ.व. सम्मको जम्मा लागत मूल्य	बिक्री अपलेखन	प्रतिशत	यस वर्षको ह्रासकट्टी	यस वर्ष सम्मको जम्मा ह्रासकट्टी	यस वर्षको बाँकी मुल्य
						पौष सम्मको	चैत सम्मको	आषाढ सम्मको						
	ह्रास अयोग्य सम्पत्ति													
१	जग्गा जमिन		३२०,०००.००	-	३२०,०००.००	-	-	-	३२०,०००.००	-	०%	-	-	३२०,०००.००
	जम्मा		३२०,०००.००	-	३२०,०००.००	-	-	-	३२०,०००.००	-	-	-	-	३२०,०००.००
२	ह्रास योग्य सम्पत्ति													
समूह क. : भवन														
१	भवन		८,४१६,८८४.१८	४१७,७९४.५१	७,९९९,०८९.६७	-	-	-	८,४१६,८८४.१८	-	५%	३९९,९५४.४८	८१७,७४८.९९	७,४९९,१३५.१९
२	शालिक निर्माण		२१५,१७६.८६	९,२०६.८५	२०५,९७०.०१	-	-	-	२१५,१७६.८६	-	५%	१०,२९८.५०	१९,२०५.३५	१९५,६७१.५१
३	नयाँ भवन		१७,३६४,६३७.१४	-	१७,३६४,६३७.१४	५,०५४,०७३.४०	२,१४५,४८४.९६	४,४०९,२१०.९१	२८,९७३,४०६.४१	-	५%	१,२६५,९३८.५४	१,२६५,९३८.५४	२७,७०७,४६७.८७
	जम्मा		२५,९९६,६९८.१८	४२७,००१.३६	२५,५६९,६९६.८२	५,०५४,०७३.४०	२,१४५,४८४.९६	४,४०९,२१०.९१	३७,६०५,४६७.४५	-		१,६७६,९९१.५२	२,१०३,१९२.८८	३५,४०२,२७४.५७
समूह ख : कम्प्युटर तथा कार्यालय उपकरण														
१	घिढियो ल्यामरा तथा मोबाइल		३,८०६.४९	९५१.६२	२,८५४.८७	-	-	-	३,८०६.४९	-	२५%	७१३.७२	१,६६५.३४	२,१४१.१५
२	कम्प्युटर		१६,४३७.३२	४,१०९.३३	१२,३२७.९९	-	-	-	१६,४३७.३२	-	२५%	३,०८२.००	७,१९१.३३	९,२४५.९९
३	प्रिन्टर		४,०८४.६१	१,०२१.१५	३,०६३.४६	-	-	२४,३३६.२८	२८,४२०.८९	-	२५%	२,७१३.८९	३,८१५.०४	२४,६०५.८५
४	उपकरण खरिद (ई हाजिरी सहित)		१६३,२३५.१४	४०,८०८.७९	१२२,४२६.३६	-	-	-	१६३,२३५.१४	-	२५%	३०,६०६.५९	७१,४१५.३७	९१,८१९.७७
५	मोबाईल खरिद		६१,३५४.४७	१५,३३८.६२	४६,०१५.८५	-	-	-	६१,३५४.४७	-	२५%	११,५०३.९६	२६,८४२.५८	३४,५११.८९
६	टेलिफोन र फयाक्स		७,४६१.११	१,८६५.२८	५,५९५.८३	-	-	-	७,४६१.११	-	२५%	१,३९८.९६	३,२६४.२४	४,१९६.८७
७	टेलिफोन सेट		१,५१४.३८	३७८.६०	१,१३५.७९	-	-	-	१,५१४.३८	-	२५%	२८३.९५	६६२.५४	८५१.८४
८	ए.सि		३१०,८९२.५८	३५,२२३.२७	२७५,६६९.३१	-	-	-	३१०,८९२.५८	-	२५%	६८,९१७.३३	१०४,१४०.६०	२०६,७५१.९८
९	प्रिन्टर र बुक स्क्यानर खरिद		१३४,२४४.००	२२,३७४.००	१११,८७०.००	-	-	-	१३४,२४४.००	-	२५%	२७,९६७.५०	५०,३४१.५०	८३,९०२.५०
१०	स्मार्ट सि.सि.टि.भि. क्यामेरा		-	-	-	-	-	३२,०००.००	३२,०००.००	-	२५%	२,६६६.६७	२,६६६.६७	२९,३३३.३३
११	मोबाईल		-	-	-	-	-	३५,३९८.२३	३५,३९८.२३	-	२५%	२,९४९.८५	२,९४९.८५	३२,४४८.३८
	जम्मा		७०३,०३०.१०	१२२,०७०.६५	५८०,९५९.४५	-	-	९१,७३४.५१	७९४,७६४.६१	-		१५२,८८४.४१	२७४,९५५.०६	५१९,८०९.५६
समूह ग : फर्निचर र फिक्सचर														
१	फर्निचर		२१०,८६१.९१	४७,२३४.९८	१६३,६२६.९३	-	-	-	२१०,८६१.९१	-	२५%	४०,९०६.७३	८८,१४१.७१	१२२,७२०.२०
२	घुम्ने कुर्सी		२,०४८.७२	५१२.१८	१,५३६.५४	-	-	-	२,०४८.७२	-	२५%	३८४.१४	८९६.३२	१,१५२.४१
३	न्याक		४००.९०	१००.२३	३००.६८	-	-	-	४००.९०	-	२५%	७५.१७	१७५.३९	२२५.५१
४	कार्यालय टेबुल		४४५.४४	१११.३६	३३४.०८	-	-	-	४४५.४४	-	२५%	८३.५२	१९४.८८	२५०.५६
५	प्लास्टिक कुर्सी		१४,४६३.७२	३,६१५.९३	१०,८४७.७९	-	-	-	१४,४६३.७२	-	२५%	२,७११.९५	६,३२७.८८	८,१३५.८४
६	डायनिङ टेबुल		४३०.४८	१०७.६२	३२२.८६	-	-	-	४३०.४८	-	२५%	८०.७२	१८८.३४	२४२.१५
७	कार्पेट		५,७८८.१६	१,४४७.०४	४,३४१.१२	-	-	-	५,७८८.१६	-	२५%	१,०८५.२८	२,५३२.३२	३,२५५.८४
८	फिज		२५,८०८.९७	६,४५२.२४	१९,३५६.७३	-	-	-	२५,८०८.९७	-	२५%	४,८३९.१८	११,२९१.४२	१४,५१७.५५
	जम्मा		२६०,२४८.३०	५९,५८१.५८	२००,६६६.७३	-	-	-	२६०,२४८.३०	-		५०,१९६.६८	१०९,७४८.२६	१५०,१००.०४
समूह ग : सवारी साधन														
१	एम्बुलेन्स		३८,५४६.०४	७,७०९.२१	३०,८३६.८३	-	-	-	३८,५४६.०४	-	१५%	४,६२५.५२	१२,३३४.७३	२६,२११.३१
२	स्कुटी		१७४,०१८.२६	३५,००३.६५	१४०,०१४.६१	-	-	-	१७४,०१८.२६	-	१५%	२१,००२.१९	५६,००५.८४	११९,०१२.४२
३	इलेक्ट्रीक साईकल		७८,०००.००	१५,६००.००	६२,४००.००	-	-	-	७८,०००.००	-	१५%	९,३६०.००	२४,९६०.००	५३,०४०.००
	जम्मा		२९१,५६४.३०	५८,३१२.८६	२३३,२५१.४४	-	-	-	२९१,५६४.३०	-		३४,९८७.७२	९३,२००.५८	१९८,२६३.७२
समूह घ : लेखा सफ्टवेयर														
			-	-	-	-	-	-	-	-	१५%	-	-	-
	जम्मा		-	-	-	-	-	-	-	-	-	-	-	-

समूह ड : अन्य सम्पत्ति तथा मेसिनरी														
१	किताबहरु		६३,६२०.७५	९,५४३.११	५४,०७७.६४	-	-	-	६३,६२०.७५	-	१५%	८,१११.६५	१७,६५४.७६	४५,९६५.९९
२	पोष्टकार्डहरु		१०,१२५.४२	१,५१८.८१	८,६०६.६१	-	-	-	१०,१२५.४२	-	१५%	१,२९०.९९	२,८०९.८०	७,३१५.६२
३	सुदुरपश्चिम दर्शन सि.डि.		१५,८९३.७२	२,३८४.०६	१३,५०९.६६	-	-	-	१५,८९३.७२	-	१५%	२,०२६.४५	४,४१०.५१	११,४८३.२१
४	अन्य पोष्टहरु		३७१,२९१.२४	५५,६९३.६९	३१५,५९७.५५	-	-	-	३७१,२९१.२४	-	१५%	४७,३३९.६३	१०३,०३३.३२	२६८,२५७.९२
५	वाटर फिल्टर		१८,५३२.१२	२,७७९.८२	१५,७५२.३०	-	-	-	१८,५३२.१२	-	१५%	२,३६२.८५	५,१४२.६६	१३,३८९.४६
६	नक्सा		७,८३३.३६	१,१७५.००	६,६५८.३६	-	-	-	७,८३३.३६	-	१५%	९९८.७५	२,१७३.७६	५,६५९.६०
७	ग्यास सिलिण्डर		१,१५५.१५	१७३.२७	९८१.८८	-	-	-	१,१५५.१५	-	१५%	१४७.२८	३२०.५५	८३४.६०
८	सामान विविध		१५,३२१.४४	२,२९८.२२	१३,०२३.२२	-	-	-	१५,३२१.४४	-	१५%	१,९५३.४८	४,२५१.७०	११,०६९.७४
९	सब मिटर जडान		२,४९१.८५	३७३.७८	२,११८.०७	-	-	-	२,४९१.८५	-	१५%	३१७.७१	६९१.४९	१,८००.३६
१०	इलेक्ट्रीक जग		९७५.३८	१४६.३१	८२९.०७	-	-	-	९७५.३८	-	१५%	१२४.३६	२७०.६७	७०४.७१
११	अन्य सामान खरिद		२७९,९९०.६५	४१,९९८.६०	२३७,९९२.०५	-	-	-	२७९,९९०.६५	-	१५%	३५,६९८.८१	७७,६९७.४१	२०२,२९३.२४
	जम्मा		७८७,२३१.०८	११८,०८४.६६	६६९,१४६.४२	-	-	-	७८७,२३१.०८	-		१००,३७१.९६	२१८,४५६.६२	५६८,७७४.४६
	कुल जम्मा		२८,३५८,७७१.९६	७८५,०५१.११	२७,५७३,७२०.८५	५,०५४,०७३.४०	२,१४५,४८४.९६	४,५००,९४५.४२	४०,०५९,२७५.७४	-		२,०१४,६०२.२९	२,७९९,६५३.४०	३७,२५९,६२२.३४

C.R.Ojha & Associates
Registered Auditors
Cert.no.3447
Dhangadhi, Kailali, Nepal

कैलाली उद्योग वाणिज्य संघ
२०२७
धनगढी

४.३ दीर्घकालीन लगानी

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
शेयर (नवजीवन स.सं. लि.)	५,०००.००	-
जम्मा	५,०००.००	-

४.४ जिन्सी मौज्दात

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
	-	-
जम्मा	-	-

४.५ प्राप्तयोग्य खाता

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
पेश्की हिसाब	३३०,०००.००	३,९९४,०००.००
शुभम आवास गृहबाट उठ्न बाँकी घर भाडा रकम	५२५,१०९.६४	३४८,३१९.००
Bangalamukhi Ajuement-Ramailo Mela	२००,१००.००	-
CIMEX INC PVT.LTD	२००,०००.००	-
FNCCI-Debtors	१००,०००.००	-
Gita Joshi- Debtors	२२,२८४.९०	-
Helping Hend Daignostic	२२२,२२२.००	-
जम्मा	१,५९९,७१६.५४	४,३४२,३१९.००

४.६ नगद र नगद समतुल्य

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
कञ्चन डेभलपमेन्ट बैंक २२९१३	१५,२५१.६७	१५,२५१.६७
नविल बैंक १२	५८२,७९४.१५	५८२,७९४.१५
ग्लोबल बैंक ४४	३,६३६,०३५.२५	५८,१८१.८१
एन.एम.बि. बैंक	७,५०६.००	७,५०६.००
नवील बैंक १९७१ (नेपाल बंगलादेश बैंक)	५४,०१०.८७	५४,०१०.८७
एन.सि.सि. बैंक १७००१	१७,४४४.७६	१७,४४४.७६
नवजिवन को अपरेटिभ्स २५९८७	१०७,०७२.८९	१०५,८४७.४४
नवजिवन को अपरेटिभ्स २२३५५०००००१	३६३,७४५.१८	३५९,५३६.४८
नवजिवन को अपरेटिभ्स २२३५५०००००२	१७८,५२४.६९	३११,५२४.६६
कुमारी बैंक (देव विकास बैंक) ६९	७,१४८.६९	७,१४८.६९
सनराइज बैंक	१०,९०९.८३	१०,९०९.८३
नेपाल इनभेष्टमेन्ट बैंक	१६,७६५.१२	१६,७६५.१२
हिमालयन बैंक २७५२७२	२,९२६.०६	२,९२६.०६
नेपाल बैंक लिमिटेड १६२६७९	९,३६५.७६	८,९१८.०४
सिद्धार्थ डेभलपमेन्ट बैंक २१८६६२०	८,८६२.७५	८,८६२.७५
माछापुच्छ्रे बैंक २४४८८६	६८८,४४४.९०	१८७,५७७.३२

एभरेष्ट बैंक	२५,१९०.४०	२५,१९०.४०
नवजिवन को अपरेटिभ्स २२२१४	३०३,३८८.६२	३०१,१४६.१६
कृषि विकास बैंक २०१५	९९,४३१.९७	९९,४३१.९७
नविल बैंक २८५	५७५,९०९.७६	१६५,३८३.९६
रा.बा. बैंक ५३९	५६२,४८८.८९	५१५,४८८.८९
सिद्धार्थ बैंक	२,३१०.००	२,३१०.००
सेन्चुरी कमर्सियल बैंक	१३,२५४.७५	१३,२५४.७५
मञ्जुश्री फाईनान्स	१९२.४१	३,९६१,८६९.९६
नगद	-	१७,१०५.००
जम्मा	७,२८८,९७५.३७	६,८५६,३८६.७४

४.७ निसर्त कोष/ संचित कोष

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
वर्षको सुरुमा मौज्दात	४७,४३४,७०३.६८	२९,६५७,८९१.५८
सञ्चालन गतिविधिहरूमा अप्रतिबंधित अधिशेष/घाटा	(५,१२७,६५८.७१)	(४,५६८,८९०.९९)
वर्षको अन्त्यमा मौज्दात	४२,३०७,०४४.९७	२५,०८९,०००.५९

४.८ निर्दिष्ट कोष

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
वर्षको सुरुमा मौज्दात	३,६५०,०००.००	११,७५०,०००.००
यस अवधिमा प्राप्त भएको थप कोष	-	-
वर्षको अन्त्यमा मौज्दात	३,६५०,०००.००	११,७५०,०००.००

निर्दिष्ट गरिएको कार्यक्रमहरु

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
विपत व्यवस्थापन कोष	१,५००,०००.००	२,०००,०००.००
कर्मचारी उपदान कोष	-	२,५००,०००.००
व्यवसाय हित कोष	२,१५०,०००.००	२,७००,०००.००
भवन निर्माण कोष	-	४,५५०,०००.००
जम्मा	३,६५०,०००.००	११,७५०,०००.००

४.९ प्रतिबन्धित कोष

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
वर्षको सुरुमा मौज्दात	-	-
यस अवधिमा प्राप्त भएको थप कोष		
यस अवधिमा कोषबाट भुक्तानि	-	
अप्रतिबंधित कोषमा स्थानान्तरण	-	-
वर्षको अन्त्यमा मौज्दात	-	-

४.१० अक्षय कोष

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
वर्षको सुरुमा मौज्दात	-	-
यस वर्षको अधिशेष र (घाटा)	-	-
वर्षको अन्त्यमा मौज्दात	-	-

४.११ अन्य पूँजी कोषहरु

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
पुनर्मूल्यांकन कोष		
वर्षको सुरुमा मौज्दात	-	-
यस अवधिमा थप घट	-	
वर्षको अन्त्यमा मौज्दात	-	-
पुँजीगत कोष		
वर्षको सुरुमा मौज्दात	-	-
यस अवधिमा थप घट	-	-
वर्षको अन्त्यमा मौज्दात	-	-

४.१२ स्थगन आम्दानी

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
स्थगन आय दायित्व	-	-
वर्षको सुरुमा मौज्दात	-	-
यस अवधिमा थप	-	-
यस अवधिमा घट/ह्रास	-	-
जम्मा	-	-

४.१३ भुक्तानी योग्य खाताहरू

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
लेखा परिक्षण शूल्क यस वर्षको	५०,१७५.००	२९,६०२.००
लेखा परिक्षण शूल्कमा कर (टि.डि.एस. १.५%)	६७५.००	३९८.००
अन्य दायित्व हिसाब		
भुक्तानी दिनु पर्ने हिसाब विवरण	-	१,९०३,४२६.००
धनगढी उप-महानगरपालिका	१,०००.००	-
FNCCI	५०,२१६.२८	-
शान्ति बोहरा (धरौटी रकम)	२५,०००.००	-
शुभम आवास गृह	६९,२०३.००	-
जम्मा	१९६,२६९.२८	१,९३३,४२६.००

४.१४ व्यवस्था

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
शुरुको मौज्दात	-	-
यस अवधिमा विनियोजन	-	-
यस अवधिमा व्यवस्थाहरुको प्रयोग	-	-
यस अवधिमा व्यवस्थाहरुको विमोचन	-	-
जम्मा	-	-

४.१५ परियोजना संचालन आम्दानी

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
Fund Received ENSSURE for TVET	१,७८०,०००.००	-
Fund Received NVQS for TVET	२१९,५९४.२०	-
Fund Received QualiTY for TVET	१७५,४५०.००	-
जम्मा आय	२,१७५,०४४.२०	-

४.१६ संस्थाको आन्तरिक आम्दानी

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
सदस्यता शुल्क	६०,३२०.००	२९५,९३०.००
नविकरण शुल्क	५,७२२,७५०.००	८२०,२३५.००
निवेदन शुल्क	-	७,५००.००
परिचय पत्र शुल्क	२,६५०.००	१३,२५०.००
घरभाडा शुल्क	१,१४४,०१२.६४	६९६,०१६.१६
सि.ओ. शुल्क	१,७०८,७१६.५५	१,९९०,६४३.००
सि.ओ. फारम शुल्क	१३,२७५.००	११,९२०.००
महोत्सव २०८०	-	२५०,०००.००
महोत्सव २०८१	१८५,०००.००	-
उम्मेढारी दर्ता शुल्क	८०९,०००.००	-
मतदाता नामावली पुस्तक विक्री	३,०००.००	-
जम्मा	९,६४८,७२४.१९	४,०८५,४९४.१६

४.१७ अन्य आम्दानी

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
बैंक व्याज	२५,९००.७८	३८४,५२५.६७
पोष्टर विक्री	-	१,४१०.००
आर्थिक सहयोग	५०२,०८०.५९	-
SDU आम्दानी	१८७,२००.००	-
जम्मा	७१५,१८१.३७	३८५,९३५.६७

४.१८ कर्मचारी खर्च

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
कर्मचारी तलब	२,८६१,१८४.५५	१,८१७,१८१.००
कर्मचारी पोशाक	७७,०००.००	५०,०००.००
उपदान खर्च	२,०४७,८५९.१४	९३८,११६.००
कर्मचारी विरामी विदा खर्च	२०३,४८९.००	-
घर विदा तलब खर्च	६८,०७७.३५	-
सामाजिक सुरक्षा कोष खर्च	३४२,३१९.२०	-
संचित विदा खर्च	१८०,०८०.००	-
प्रोत्साहन खर्च	७७,०००.००	-
जम्मा	५,८५७,००९.२४	२,८०५,७९७.००

४.१९ कार्यक्रम खर्च

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
अतिथि सत्कार	७७२,६०२.९०	१,४००,४४७.००
साधारण सभा	१,२५२,९८८.००	१,५६७,४५३.६१
करदाता शिक्षा कार्यक्रम खर्च	५,७७५.००	२९,४२०.००
निर्वाचन खर्च	९१७,६३४.७४	-
तालिम तथा गोष्टी खर्च	१७५,०००.००	-
Help Desk Expenses	१२५,८४९.७५	-
महिला उद्यमी क्षमता विकास कार्यक्रम	११५,२२४.७१	-
ENSSURE / QualiTY/NVQS for TVET Expenses	२,९००,९१३.३२	-
KCCI for TVET Expenses	१,००८,४६६.३७	-
जम्मा	७,२७४,४५४.७९	२,९९७,३२०.६१

४.२० सामान्य प्रशासनिक तथा अन्य खर्च

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
मसलन्द तथा छपाई खर्च	१३२,८३३.५९	१११,४९६.००
टेलिफोन महसुल	१२,०००.००	७,१००.००
विद्युत महशसुल	१६४,९९५.९७	१४५,८८३.००
खानेपानी महशुल	७,१६५.००	११,२२५.००
विज्ञापन	१२७,०४०.००	२६७,६५०.००
ने.उ.वा महासंघ (CO शुल्क)	६४२,८४७.७५	५३४,५३८.००
ने.उ.वा. महासंघ सु प प्रदेश	-	८,०००.००
ईन्धन	९६,११२.८५	१७१,७९३.३०
गाडी नविकरण	९,९१०.००	१०,५१०.००
हवाई टिकट	१०६,६००.००	६५,४००.००
घर बहाल कर	-	१०२,०००.००

बैठक खर्च		
क्यालेण्डर छपाई खर्च	२३,६३०.००	१०,२४५.००
चाईना भ्रमण खर्च	-	८९,९९३.००
विपद व्यवस्थापन खर्च	-	१,४५३,६५०.००
बैंक ब्याजमा कर कट्टी	-	३८,८००.००
पारिश्रमिक खर्च	५८९.२२	५७,०९३.०९
सरसफाई	३५,५६३.००	८८,३००.००
आर्थिक सहयोग	४२,८३३.००	१०,८५०.००
सर्जिकल सामान	५०४,१२८.१२	१९०,४७०.९८
तिजको दर	-	५५०,१८५.७०
लेखा सफ्टवेयर खर्च	-	१३,५३०.००
अटो, माईक भाडा	११,०००.००	-
ग्लास, बोतल खरिद खर्च	३,०००.००	-
कुरियर खर्च	१०,०२०.००	-
मर्मत सम्भार खर्च	१,८००.००	-
ए	२१५,८१८.०६	६४,८८३.००
मालपोत खर्च	-	-
नोटरी प्रमाणित खर्च	२१,२१३.५९	-
प्रतिनीधि शुल्क	१,६००.००	-
पुस्तक खरिद	१६,०००.००	-
नवीकरण शुल्क	२,८००.००	-
सिपारिस शुल्क	३८,०००.००	-
वेव साईट खर्च	१,०००.००	-
ईन्टरनेट जडान खर्च	१६९,५००.००	-
मुक्तिनाथ दर्शन खर्च	२१,१८०.००	-
विविध खर्च	-	२४२,६००.००
घरभाडा मिनाह खर्च	५०,५१२.००	३२,५४१.००
घटाउनेः गतको भुक्तानी	-	३४८,१११.७२
लेखापरीक्षण शुल्क	-	(२,२०४,६९६.६९)
जम्मा	५०,८५०.००	३०,०००.००
	२,५२०,५४२.१५	२,४५२,१५२.१०

१.१९ ह्रासकट्टी खर्च

विवरण	चालू वर्ष (रु.)	गत वर्ष (रु.)
ह्रासकट्टी	२,०१४,६०२.२९	७८५,०५१.११
परिशोधन खर्च	-	-
जम्मा	२,०१४,६०२.२९	७८५,०५१.११

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

UDIN Document

Fiscal Year: 2082/83

Generated Date / Time: 2026-09-05 13:55:34	**UDIN Number:** 260905RA02767H5967
Member Name: CHET RAJ OJHA	**Date of Signing Document:** 2026-08-31
Document Type: Audit	**Audit Type:** Statutory Audit
Office Type: NPOs	**Office Name:** KAILALI CHANBER OF COMMERCE AND INDUSTRY
Type of Audit Opinion: Qualified Opinion	
Client PAN: 302759741	

Financial figures

S.N.	Heading	Value
1	Total Assets/Liabilities	NRs. 46,153,314.25
2	Gross Revenue / Turnover	NRs. 12,538,949.76
3	Gross Expenses	NRs. 17,666,608.47
4	Net Profit or Loss	NRs. -5,127,658.71

Status: Active Document

Document Description:

The UDIN System has been developed by the Institute of Chartered Accountants of Nepal (ICAN) to facilitate its members for verification and certification of the documents and for securing documents and authenticity thereof by Authorities, Regulators and Stakeholders. However, ICAN assumes no responsibility of verification and certification of document(s) carried out by the Members and the concerned member(s) shall alone be responsible therefore.

To verify UDIN, please go to www.udin.ican.org.np Print Date / Time: 2026-09-05 14:01:26

कैलाली उद्योग वाणिज्य संघ

धनगढी, कैलाली

५२औँ वार्षिक साधारण सभा

आगामी आर्थिक वर्षका लागि प्रस्तावित

वार्षिक कार्यक्रम तथा अनुमानित आय-व्यय

आर्थिक वर्ष २०८३/८४

१) पृष्ठभूमि

उद्योग व्यवसाय क्षेत्रमा समर्पित उद्योगी व्यवसायी सदस्यहरुको हकहित सम्बर्धन र संरक्षणका लागि २०२७ सालमा स्थापित यस संघले ५२ औं वार्षिक साधारण सभा आयोजना गर्दाको अवस्थामा आईपुग्दा समयको गतिसंग सामिप्यता राखि आफ्ना क्रियाकलापहरुलाई सोही अनूरुप परिमार्जन गर्दै अगाडि बढिरहेको कैलाली उद्योग वाणिज्य संघ आज यस सुदुर पश्चिम क्षेत्रको मात्र नभई मुलुककै अग्रणी र सर्बोत्कृष्ट उद्योग वाणिज्य संघको रुपमा पहिचान वनाउन सफल भएको छ जुनकुरा हामी सबैका लागि गौरब तथा प्रतिष्ठाको विषय हो ।

संघको मूल उद्देश्य उद्योग, व्यापार तथा व्यवसायको विकास, निजी क्षेत्रको हकहित संरक्षण, लगानी प्रवर्द्धन, रोजगारी सिर्जना तथा आर्थिक विकासमा योगदान पुर्याउनु हो । आगामी वर्ष संघलाई अझ प्रभावकारी, उत्तरदायी, पारदर्शी र सेवामुखी संस्थाका रूपमा विकास गर्दै सदस्य व्यवसायीका समस्या समाधानमा परिणाममुखी पहल गरिने छ ।

यस प्रतिवेदनमा आगामी आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा सोका लागि आवश्यक अनुमानित आय-व्ययको प्रारम्भिक खाका प्रस्तुत गरिएको छ । साधारण सभाबाट प्राप्त सुझाव तथा निर्णयअनुसार आवश्यक परिमार्जन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. आगामी वर्षका प्रमुख उद्देश्य

क) उद्योगी तथा व्यवसायीका समस्या पहिचान गरी सरकार तथा सम्बन्धित निकायसमक्ष प्रभावकारी तथा परिणाममुखी पैरवी गर्ने ।

ख) सदस्य सेवामा सुधार गर्दै संघका सेवा तथा अभिलेखलाई क्रमशः डिजिटल (संघको वेव साईट,सदस्य पोर्टल आदी) बनाउने ।

ग) उद्यमशीलता, सीप विकास, रोजगारी तथा निजी क्षेत्रको क्षमता अभिवृद्धिमा विभीन्न साझेदार निकाय संग सहकार्य गर्दै विभिन्न कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्ने ।

घ) स्थानीय उत्पादन, पर्यटन, कृषि तथा औद्योगिक उत्पादनको बजार विस्तारमा प्रभावकारी पहल गर्ने ।

ङ) इन्कुवेशन सेन्टर स्थापना तथा सञ्चालन गरी महिला, युवा तथा नवउद्यमीलाई व्यवसायमा आकर्षित गर्ने तथा Start up व्यवसायी लाई प्रवर्द्धन तथा उत्प्रेरणा प्रदान गर्ने ।

च) लगानीमैत्री वातावरण निर्माणका लागि संघ, प्रदेश तथा स्थानीय सरकारसँग नियमित संवाद तथा पैरवी गर्ने ।

छ) धनगढी तथा कैलालीलाई व्यापारिक, औद्योगिक र पर्यटन केन्द्रका रूपमा प्रवर्द्धन गर्ने ।

ज) कोशेलीघर सञ्चालन गरी महिला उद्यमी द्वारा उत्पादित स्थानीय तथा मौलीक उत्पादनहरुको बजारीकरणमा सहयोग गर्ने ।

झ) सिप विकास ईकाई मार्फत दक्ष जनशक्ती र श्रमबजार बिचको अन्तरलाई कमगर्नको निम्ती प्रभावकारी समन्वय तथा HR Bank मार्फत उपलब्ध दक्ष जनशक्ती र श्रमबजारमा आवश्यक जनशक्तीको अभिलेखीकरण (Roster) गर्ने ।

ञ) सिमावर्ती भारतिय ब्यापार संघ,संगठनहरु संग समन्वय तथा नियमीत अन्तरक्रीया द्वारा द्विदेशिय ब्यपार लाई सहजीकरण तथा विस्तार गर्ने ।

३. प्रस्तावित वार्षिक कार्यक्रम

क्र.सं.	कार्यक्रम	मुख्य गतिविधि	कार्यक्रम संख्या
१	नीति पैरवी तथा व्यवसायी समस्या समाधान	सरकार, स्थानीय तह, कर कार्यालय, बैंक तथा वित्तीय संस्थासँग अन्तरक्रिया; व्यवसायीका समस्या संकलन तथा समाधान पहल ।	४ पटक
२	उद्योगी-व्यवसायी अन्तरक्रिया	क्षेत्रगत व्यवसायी भेटघाट, व्यवसायिक समस्या र सम्भावनाबारे छलफल।	६ पटक

क्र.सं.	कार्यक्रम	मुख्य गतिविधि	कार्यक्रम संख्या
३	उद्यमशीलता तथा व्यवसाय विकास तालिम	नयाँ उद्यमी, युवा तथा महिला उद्यमीका लागि व्यवसाय योजना, वित्तीय साक्षरता, डिजिटल मार्केटिङ र व्यवस्थापन तालिम ।	४ कार्यक्रम
४	सीप तथा रोजगारी प्रवर्द्धन	सीप विकास संस्था/परियोजनासँग सहकार्य, औद्योगिक प्रशिक्षार्थी, रोजगार मेला तथा रोजगारदातासँग समन्वय ।	आवश्यकता अनुसार १५० जना
५	व्यापार मेला/प्रदर्शनी तथा स्थानीय उत्पादन प्रवर्द्धन	स्थानीय उत्पादन, सेवा तथा पर्यटनको बजार प्रवर्द्धनका लागि मेला/प्रदर्शनीमा सहजीकरण ।	२ कार्यक्रम
६	डिजिटल सेवा तथा सदस्यता व्यवस्थापन	सदस्य विवरण अद्यावधिक, डिजिटल अभिलेख, सूचना प्रसारण तथा अनलाइन सेवा विस्तार।	निरन्तर
७	संभावना,नितीगत समस्या पहिचान र समाधानका लागी पहल ।	सुदूरपश्चिमका सम्भावना र लगानी अवसर प्रवर्द्धन गर्ने संवाद/कार्यक्रम ।	१ पटक भिजन सुदुर पश्चिम बहस कार्यक्रम सञ्चनलन ।
८	महिला तथा युवा उद्यमी सशक्तीकरण	महिला तथा युवा उद्यमीको नेटवर्किङ, बजार पहुँच र नेतृत्व विकास।	२ कार्यक्रम
९	कर, कानुन तथा व्यवसायिक निती अभिमुखीकरण	कर, श्रम, सामाजिक सुरक्षा, उपभोक्ता अधिकार तथा व्यवसायिक कानुनी प्रावधानबारे अभिमुखीकरण ।	६ कार्यक्रम
१०	संघको संस्थागत सुदृढीकरण	कार्यसमिती नेतृत्व विकास,कर्मचारी क्षमता विकास, आन्तरिक प्रणाली सुधार, बैठक/समिति व्यवस्थापन र अभिलेख सुदृढीकरण ।	निरन्तर

४. अनुमानित आय विवरण (आ.व. २०८३/८४)

१. आय	
शिर्षक	**रकम (रु.)**
परियोजना आम्दानी (क)	**५,५२३,२५०।००**
ENSSURE Helvetas बाट सम्झौता अनुसारको रकम	१,२०३,२५०।००
शिप विकास ईकाइ को आन्तरिक आम्दानी	३२०,०००।००
GIZ /Grape -II Project सम्झौता चरणमा रहेको	४,०००,०००।००
संस्थाको आन्तरिक आम्दानी (ख)	**२१,२५२,३३३।००**
सदस्यता शुल्क	१००,०००।००
नविकरण शुल्क	८००,०००।००
परिचय पत्र शुल्क	३,०००।००
घरभाडा नयाँ भवन	१,५४९,३३३।००
घरभाडा शुभम आवास गृह रहेको भवन	१,९८०,०००।००
उत्पत्तीको प्रमाणपत्र	१,८००,०००।००
उत्पत्तीको प्रमाणपत्र सि.ओ. फारम शुल्क	२०,०००।००
मेला महोत्सव २०८३ बाट	१५,०००,०००।००
अन्य आम्दानी (ग)	**५२५,०००।००**
बैंक व्याज	२५,०००।००
सदस्य तथा अन्यबाट सहयोग	५००,०००।००
जम्मा अनुमानित आम्दानी (क+ख+ग)	**२७,३००,५८३।००**
	अनुमानित व्यय
कर्मचारी व्यस्थापन (क)	**३,१७७,०७०।००**

कर्मचारी व्यस्थापन(तलब तथा अन्य सेवा सुविधा)	३,१०७,०७०।००
कर्मचारी पोशाक	७०,०००।००
कार्यक्रम खर्च (क)	**११,५७३,२५०।००**
अतिथि सत्कार	५५०,०००।००
साधारण सभा	७००,०००।००
कर,कानुन,तथा व्यवसायिक निति अभिमुसखकरण खर्च	३००,०००।००
महिला तथा युवा उद्यमी सशक्तिकरण कार्यक्रम खर्च	५००,०००।००
महिला तथा युवा, तथा नवउद्यमीद्धारा उत्पादित उत्पालनको बजारीकरण तथा प्रर्दशनी	७००,०००।००
Help Desk स्थापना	४००,०००।००
संघका सेवा तथा अभिलेखलाई डिजिटल गर्ने (Website, member portal)	२००,०००।००
युवाहरुलाई लागु औषध रोकथाम सम्बन्धि सचेतना कार्यक्रम	२००,०००।००
सदस्यहरुको दुर्घटना विमा	४००,०००।००
उद्योगी-व्यवसायी अन्तरक्रिया	२००,०००।००
सुदूरपश्चिमका पर्यटन सम्भावना र लगानी अवसर प्रवर्द्धन गर्ने संवाद/कार्यक्रम	५००,०००।००
GIZ /Grape -II Project (र्यन्कुबेशन सेण्टरस्थापना तथा कार्यक्रम सञ्चालन)	४,०००,०००।००
चेम्बर भिजिट तथा अवलोकन भ्रमण	७००,०००।००
कोशेलीघर सञ्चालन	७००,०००।००
ENSSURE project (शिप विकास ईकाई)	१,५२३,२५०।००
<u>सामान्य प्रशासनिक तथा अन्य खर्च (ख)</u>	**१२,५५०,२६३।००**
मसलन्द तथा छपाई खर्च	२१०,८३०।००
टेलिफोन महसुल	१५,०००।००
विद्युत महशसुल	१५०,०००।००
खानेपानी महशुल	८,५००।००
विज्ञापन	५०,०००।००
ने.उ.वा महासंघ (CO शुल्क)	६५०,०००।००
ईन्धन	१००,०००।००
गाडी नविकरण	१०,०००।००
घर बहाल कर	३५२,९३३।००
बैठक खर्च	२५०,०००।००
क्यालेण्डर छपाई	१००,०००।००
विपद व्यवस्थापन	९५०,०००।००
कर्मचारी उपदान कोषका रकमान्तर	१,५००,०००।००
बैंक ब्याजमा कर कट्टी	१,०००।००
आर्थिक सहयोग तथा प्रायोजन	३००,०००।००
लेखा सफ्टवेयर खर्च	११,०००।००
मर्मत सम्भार खर्च	२५०,०००।००
मालपोत खर्च	२५,०००।००
प्रतिनीधि शुल्क	१६,०००।००
नवीकरण शुल्क(सरकारी निकाय तथा उ.वा.महासंघ)	४५,०००।००
ईन्टरनेट जडान खर्च	२५,०००।००
विविध खर्च	८०,०००।००
नया भवनमा कार्यालय स्थान्तरण तथा सेटअप	५,०००,०००।००
उपकरण खरिद(कम्प्युटर,प्रिन्टर)	१००,०००।००
कार्यालयको लागी विद्युतिय स्कुटर खरिद	२५०,०००।००
पुरानो भवन हटाई पार्किङ स्थल निमार्ण	२,०००,०००।००
लेखापरीक्षण शुल्क भुक्तानी	१००,०००।००

कुल अनुमानित व्यव विवरण	२७,३००,५८३।००

६. कार्यक्रम कार्यान्वयनका आधार

क) उपलब्ध स्रोत, साधन तथा संघको आर्थिक क्षमताअनुसार प्राथमिकता निर्धारण गरिनेछ ।

ख) सरकार, स्थानीय तह, FNCCI, विकास साझेदार तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

ग) प्रत्येक कार्यक्रमको उपलब्धि, खर्च तथा प्रभावको अभिलेख राखी आवश्यक समीक्षा गरिनेछ ।

घ) आय-व्ययमा पारदर्शिता, मितव्ययिता र प्रचलित कानुन तथा संघको विधानको पालना गरिनेछ ।

ङ) साधारण सभा तथा कार्यसमितिका निर्णयअनुसार आवश्यक शीर्षकमा रकम थपघट गर्न सकिनेछ ।

७. अपेक्षित उपलब्धि

आगामी वर्षका कार्यक्रमबाट सदस्य व्यवसायीलाई सेवा प्राप्तिमा सहजता, व्यवसायिक समस्या समाधानमा प्रभावकारी पैरवी, नयाँ उद्यम तथा रोजगारी सिर्जना, स्थानीय उत्पादनको बजार विस्तार, युवा तथा महिला उद्यमशीलता प्रवर्द्धन, संघको संस्थागत क्षमता वृद्धि र कैलालीको समग्र आर्थिक गतिविधिमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

८. साधारण सभाबाट अनुमोदनका लागि प्रस्ताव

आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत प्रस्तावित वार्षिक कार्यक्रम तथा अनुमानित आय-व्यय विवरण माथि छलफल गरी आवश्यक सुझावसहित अनुमोदन गरिदिन यो साधारण सभा समक्ष प्रस्ताव पेश गरिएको छ । साधारण सभाबाट अनुमोदित कार्यक्रम तथा बजेटलाई कार्यसमितिको निर्णय, संघको विधान तथा प्रचलित कानुनको अधीनमा रही कार्यान्वयन गरिनेछ ।

कैलाली उद्योग वाणिज्य संघ कैलालीद्वारा
विभिन्न समयमा जारी गरिएका प्रेस विज्ञप्तीहरू

कैलाली उद्योग वाणिज्य संघ
Kailali Chamber of Commerce and Industry

Chamber Marg
Dhangadhi-1, Kailali
Farwest, Nepal
Ph. No.: 091-521237, 52397
Fax : 091-522973
Email : kailalicci@gmail.com
Website: www.kailalicci.fncci

Kailali Chamber of Commerce and Industry

मिती : २०८३/०१/०९

प्रेस विज्ञप्ति

रु .१०० भन्दा बढी मूल्यका सामान भारतबाट आयात गर्दा भन्सार प्रक्रिया अनिवार्य गर्ने सरकारी निर्णयको स्वागत तथा समर्थन सम्बन्धमा ।

आदरणिय व्यवसायी ज्यू
आम उपभोक्ता तथा सम्पुर्ण दाजुभाई तथा दिदि बहिनीहरु

नेपाल सरकारले हालै कार्यान्वयनमा ल्याएको रु. १०० भन्दा बढी मूल्यका सामान भारतबाट ल्याउँदा अनिवार्य रूपमा भन्सार प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था स्वागतयोग्य र सकारात्मक कदमको रुपमा कैलाली उद्योग वाणिज्य संघले लिएको छ र यस कदमको हार्दिक स्वागत गर्दछ । यस निर्णयले स्वदेशी उद्योग, व्यापार र राजस्व प्रणालीलाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास संघले लिइएको छ ।

संघ सम्पूर्ण आम उपभोक्ता,सर्वसाधारण र व्यवसायी तथा सरोकारवालाहरूलाई उक्त नियमको पूर्ण रूपमा पालना गर्न हार्दिक अपिल गर्दछ । यो नियम पुर्णरुपमा कार्यान्वयन हुँदा व्यापार प्रणाली व्यवस्थित हुने, अवैध आयात नियन्त्रण हुने तथा राष्ट्रिय अर्थतन्त्र मजबुत हुने विश्वास संघले लिएको छ । साथै आवश्यक सामानहरु स्वदेशमै खरिद गर्दा अर्थतन्त्र चलायमान हुनुका साथै रोजगारी,राजश्व लगायतमा वृद्धी हुने तथ्यलाई मनन गर्नको लागी सम्पुर्ण आमउपभोक्ताहरुलाई आह्वान गर्दछ ।

सरकारको यो निर्णय मात्र दिगो समाधानका निम्ती पर्याप्त छैन, दैनिक उपभोग्य लगायतका सामानमा परनिर्भरता लाई न्युनिकरण गर्न स्वदेशमै उत्पादन हुने वातावरण सिर्जना गरी सुरक्षीत लगानीको प्रत्याभुती गर्नको निम्ती नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं, स्वदेशमा उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गरी उत्पादकत्व बृद्धी हुँदा, स्वदेशी उत्पादन सस्तो मुल्यमा आमउपभोक्ताले उपभोग गर्न पाउनेछन भने रोजगारी सिर्जना भै दक्ष युवा जनशक्ती पलायनहुन बाट रोकिने छ तसर्थ नेपाल सरकारले यस्तैखाले दिर्घकालिन समाधान तर्फ कमदचाल्नका लागी संघ जोडदाररुपमा माग गर्दछ ।

साथै, उपभोक्ताको विश्वास कायम राख्दै पारदर्शी र जिम्मेवार व्यापार अभ्यासमार्फत बजारमा स्वस्थ प्रतिस्पर्धा कायम गर्नु आजको आवश्यकता हो,तसर्थ सम्पुर्ण व्यवसायीहरूलाई यस व्यवस्थालाई अवसरको रूपमा लिँदै उपभोक्ताहरुलाई गुणस्तरीय सामान सुपथ मूल्यमा पारदर्शि ढंगले उपलब्ध गराउनको निम्ती हार्दिक आह्वान गर्दछौं । यस कदमबाट सरकार, व्यवसायी र उपभोक्ता तीनै पक्षलाई दीर्घकालीन लाभ पुग्ने विश्वास व्यक्त गर्दै सबैलाई सहयोग र सहकार्यका लागि हार्दिक अनुरोध गर्दछौं ।

कैलाली जिल्लाको अधिकांस क्षेत्र भारतसंग जोडिएको तथ्य सर्वविदितनै छ यो तथ्यलाई मनन गर्दै भन्सार नाकामा मात्र नभै खुला सिमानाबाट अवैध रुपमा हुने चोरी निकासी नियन्त्रण गर्न सरकार समक्ष जोडदार माग गर्दछौं ।

धन्यवाद ।

पुष्कर राज ओझा
अध्यक्ष
कैलाली उद्योगा वाणिज्य संघ

"कृषि, उद्योग, पर्यटन, जैविक एवं सांस्कृतिक विविधतामा धनी,
व्यवसायिक तथा गुणस्तरीय जीवनमा नेपालकै अग्रणी"

कैलाली उद्योग वाणिज्य संघ
Kailali Chamber of Commerce and Industry

Chamber Marg
Dhangadhi-1, Kailali
Farwest, Nepal
Ph. No.: 091-521237, 523971
Fax : 091-522973
Email : kailalicci@gmail.com
Website: www.kailalicci.fncci.org

Kailali Chamber of Commerce and Industry

प्रेस विज्ञप्ति

मिति: २०८३/०२/३१

डिभिजन वन कार्यालय कैलालीद्वारा भीमदत्त राजमार्ग अन्तर्गत गोदावरी नगरपालिका वडा नं. ४ मा सडक छेउको अतिक्रमण हटाउने क्रममा भएको धरपकड तथा अमानवीय व्यवहारप्रति कैलाली उद्योग वाणिज्य संघको गम्भीर ध्यानाकर्षण भएको छ।

वन क्षेत्रको गैरकानुनी अतिक्रमण नियम, कानुन तथा स्थापित प्रक्रियाअनुसार हटाउने कार्यको संघ सदैव समर्थन गर्दछ। सार्वजनिक सम्पत्ति तथा वन क्षेत्रको संरक्षण सबै सरोकारवालाको साझा दायित्व हो भन्ने विषयमा संघ स्पष्ट रहेको छ। तथापि, अतिक्रमण हटाउने नाममा सम्बन्धित निकायका कर्मचारीबाट नागरिकमाथि गरिने अमानवीय व्यवहार, बल प्रयोग तथा गैरजिम्मेवार कार्यहरू कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैनन्।

विशेष गरी पुरानो टेम्पोमा किराना व्यवसाय सञ्चालन गरी जीविकोपार्जन गर्दै आएकी धना देवी धामीको टेम्पो वन कर्मचारीहरूले भिरबाट खसालेको भन्ने घटनासहितका अमानवीय तथा गैरजिम्मेवार व्यवहारप्रति संघ घोर भर्त्सना व्यक्त गर्दछ। यस्ता कार्यहरूले कानुनी शासन, मानव अधिकार तथा जिम्मेवार सार्वजनिक सेवाको मूल्यमान्यतामाथि प्रश्न उठाउने काम गरेका छन्।

अतः उक्त घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनबमोजिम कडा कारबाही गर्न तथा पीडितलाई न्याय सुनिश्चित गर्न कैलाली उद्योग वाणिज्य संघ सम्बन्धित निकायसमक्ष जोडदार माग गर्दछ।

साथै, सम्पूर्ण सरोकारवाला निकायहरूलाई कानुन, मानव अधिकार तथा नागरिक मर्यादाको सम्मान गर्दै आफ्नो जिम्मेवारी निर्वाह गर्न संघ हार्दिक अपिल गर्दछ।

धन्यवाद।

पुष्कर राज ओझा
अध्यक्ष
कैलाली उद्योग वाणिज्य संघ
धनगढी, कैलाली

"कृषि, उद्योग, पर्यटन, जैविक एवं साँस्कृतिक विविधतामा धनी,
व्यवसायिक तथा गुणस्तरीय जीवनमा नेपालकै अग्रणी"

कैलाली उद्योग वाणिज्य संघ

Kailali Chamber of Commerce and Industry

Chamber Marg
Dhangadhi-1, Kailali
Farwest, Nepal
Ph. No.: 091-521237, 52397
Fax : 091-522973
Email : kailalicci@gmail.com
Website: www.kailalicci.fncci

Kailali Chamber of Commerce and Industry

प्रेस विज्ञप्ति

मिति: २०८३/०४/१५

पछिल्लो समय सुनसरी लगायत तराई-मधेसका विभिन्न स्थानहरूमा देखिएका तनावपूर्ण घटनाक्रमप्रति कैलाली उद्योग वाणिज्य संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र हो । यही विविधता बीचको आपसी सम्मान, सहिष्णुता, सद्भाव र एकताले हाम्रो राष्ट्रिय पहिचानलाई सुदृढ बनाएको छ । त्यसैले कुनै पनि प्रकारको असमझदारी वा विवादलाई संयमता, संवाद तथा प्रचलित कानुनी प्रक्रिया मार्फत समाधान गर्नु नै सबैका लागि हितकर हुन्छ भन्ने संघको दृढ विश्वास रहेको छ ।

शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम रहनु उद्योग, व्यापार, लगानी, पर्यटन तथा समग्र आर्थिक गतिविधिका लागि अत्यावश्यक आधार हो । कुनै पनि प्रकारको द्वन्द्व, हिंसा वा असहिष्णुताले सामाजिक जीवनसँगै आर्थिक गतिविधि लाई समेत प्रत्यक्ष असर पार्ने भएकाले सम्पूर्ण सरोकारवाला पक्षलाई संयमता अपनाई आपसी विश्वास, सहकार्य र राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन हार्दिक आग्रह गर्दछौं ।

साथै, सम्पूर्ण नागरिकमा अपुष्ट वा भ्रामक सूचनाको पछि नलाग्न, सामाजिक सञ्जालको जिम्मेवारी पूर्वक प्रयोग गर्न तथा सामाजिक सद्भावमा खलल पुग्ने कुनै पनि गतिविधिबाट टाढा रहन विशेष अनुरोध गर्दछौं ।

कैलाली उद्योग वाणिज्य संघ सम्बन्धित सबै पक्षलाई संवाद, सहमति, कानुनी शासन र लोकतान्त्रिक मूल्य-मान्यताको सम्मान गर्दै समस्याको शान्तिपूर्ण समाधानतर्फ अग्रसर हुन हार्दिक अपिल गर्दछ ।

"सद्भाव, सहिष्णुता र एकता नै समृद्ध नेपालको आधार तथा नेपालीको वास्तविक पहिचान हो।"

पुष्कर राज ओझा

अध्यक्ष

कैलाली उद्योग वाणिज्य संघ

धनगढी, कैलाली

"कृषि, उद्योग, पर्यटन, जैविक एवं साँस्कृतिक विविधतामा धनी,
व्यवसायिक तथा गुणस्तरीय जीवनमा नेपालकै अग्रणी"

कैलाली उद्योग वाणिज्य संघ

[KAILALI CHAMBER OF COMMERCE & INDUSTRY]

धनगढी, कैलाली (नेपाल)

Dhangadhi, Kailali [Nepal]

स्थापित २०२७

मिती : २०८३/०५/१०

प.सं. :-

प्रेस विज्ञप्ति

च.नं. :-

साइबर ठगीबाट सचेत रहन कैलाली उद्योग वाणिज्य संघको हार्दिक अपिल

पछिल्लो समय बैंक, डिजिटल वालेट तथा विभिन्न वित्तीय संस्थाका कर्मचारी भएको बहाना बनाई KYC र खाता अपडेट, खाता नवीकरण, NId अपडेट लगायतका विभिन्न कारण देखाउँदै फोन, Whats App तथा अन्य डिजिटल माध्यमबाट ठगी गर्ने घटनाहरू बढ्दै गएकोप्रति कैलाली उद्योग वाणिज्य संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस प्रकारका साइबर ठगीका घटनानाबाट उद्योगी, व्यवसायी तथा आम नागरिकको बैंक खाता, डिजिटल वालेट र व्यक्तिगत तथा वित्तीय विवरण दुरुपयोग हुन सक्ने भएकाले संघ सबैलाई विशेष सचेत र सतर्क रहन हार्दिक अपिल गर्दछ ।

कसैले आफूलाई बैंक, eSewa, Khalti वा अन्य कुनै वित्तीय संस्थाको कर्मचारी भएको परिचय दिए पनि फोन वा अनलाइन माध्यमबाट OTP, PIN, Password, MPIN बैंक खाता सम्बन्धी गोप्य विवरण वा मोबाइलको Screen Share/Remote Access उपलब्ध नगराउन संघ हार्दिक अनुरोध गर्दछ ।

त्यसैगरी, KYC, NId वा बैंक खाता अपडेट गर्नुपर्ने जानकारी प्राप्त भएमा फोन वा WhatsApp मा प्राप्त सूचनामाथि मात्र विश्वास नगरी सम्बन्धित बैंक वा वित्तीय संस्थाको आधिकारिक नम्बर, आधिकारिक मोबाइल एप वा कार्यालयमा आफैं सम्पर्क गरी जानकारी यकिन गर्न संघ हार्दिक अनुरोध गर्दछ ।

संघ विशेषगरी उद्योगी तथा व्यवसायीहरूलाई अनजान Link मा Click नगर्न, शंकास्पद फोन तथा सन्देशको जवाफ नदिन र आफ्नो बैंक तथा डिजिटल वित्तीय कारोबारसँग सम्बन्धित गोप्य विवरण सुरक्षित राख्न आग्रह गर्दछ ।

साइबर ठगीबाट बच्न सबैले निम्न कुरामा विशेष ध्यान दिन विशेष अनुरोध गर्दछौं :

- OTP कसैलाई पनि नदिने ।
- PIN, MPIN तथा Password कसैलाई नबताउने ।
- अनजान वा शंकास्पद Link मा Click नगर्ने ।
- मोबाइलको Screen Share वा Remote Access अनुमति नदिने ।
- शंकास्पद फोन वा सन्देश आएमा तत्काल फोन काट्ने तथा प्रतिक्रिया नदिने ।
- बैंक वा वित्तीय संस्थासँग सम्बन्धित सूचना आधिकारिक माध्यमबाट मात्र यकिन गर्ने ।
- परिवार, कर्मचारी तथा ग्राहकलाई समेत साइबर ठगीका सम्भावित जोखिमबारे सचेत गराउने ।

"सचेत नागरिक, सुरक्षित व्यवसाय" भन्ने मूल भावनाका साथ कैलाली उद्योग वाणिज्य संघ सुरक्षित डिजिटल कारोबार र साइबर सचेतनाका लागि सबै उद्योगी, व्यवसायी तथा आम नागरिकलाई आ-आफ्नो स्तरबाट आवश्यक सावधानी अपनाउन अनुरोध गर्दछौं ।

केशव राज जोशी

का.वा. अध्यक्ष

Dhangadhi, Kailali, Nepal
Tel. : 091-521237
091-523971
Fax: 091-522973
E-mail: kailalicci@gmail.com
Website: www.kccifarwest.org

STOP CHILD LABOUR

कैलाली उद्योग वाणिज्य संघ
Kailali Chamber of Commerce and Industry

Chamber Marg
Dhangadhi-1, Kailali
Farwest, Nepal
Ph.No.: 091521237/091523971
Fax No. : 091522973
Email: kailalicci@gmail.com
Website: www.kccifarwest.org

Kailali Chamber of Commerce and Industry

हार्दिक अपिल

मिति : २०८३/०५/११

मिति २०८३/०५/१० गते नेपाल-चीन सीमा क्षेत्रअन्तर्गत भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण भएको जनधनको क्षतिप्रति कैलाली उद्योग वाणिज्य संघ गहिरो दुःख व्यक्त गर्दछ । यस दुःखद् घटनाबाट प्रभावित सम्पूर्ण नागरिक, व्यवसायी तथा परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै घाइते तथा प्रभावितहरूको शीघ्र उद्धार, उपचार र राहतका लागि सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछौं ।

भोटेकोशी नदीमा आएको बाढीका कारण नदी आसपासका बस्ती, सडक, पुल, व्यवसायिक प्रतिष्ठान तथा अन्य भौतिक संरचनामा क्षति पुगेको र ठूलो संख्यामा नागरिक प्रभावित भएको घटनाले हामीलाई अत्यन्त दुःखी बनाएको छ । विपद्को यस कठिन घडीमा प्रभावित नागरिकहरूको जीवनरक्षा नै पहिलो प्राथमिकता हुनुपर्दछ भन्ने कैलाली उद्योग वाणिज्य संघको ठहर रहेको छ ।

यस विषम परिस्थितिमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, उद्योग वाणिज्य संघका विभिन्न तह, व्यवसायी, सामाजिक संघसंस्था, नागरिक समाज तथा आम नागरिकहरूलाई आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग, खोज तथा उद्धार, राहत वितरण र पुनःस्थापनाका कार्यमा सक्रियतापूर्वक जुट्न कैलाली उद्योग वाणिज्य संघ हार्दिक आह्वान गर्दछ ।

साथै, भोटेकोशी तथा अन्य नदी आसपासका क्षेत्रका नागरिक एवं व्यवसायीहरूलाई सम्भावित थप जोखिमप्रति उच्च सतर्कता अपनाउन, सुरक्षित स्थानमा रहन तथा सम्बन्धित निकायको निर्देशन पालना गर्न अनुरोध गर्दछौं । यस विपद्को समयमा "विपद्मा परेकालाई सहयोग गर्नु नै हाम्रो मानवीय दायित्व हो" भन्ने भावनाका साथ सबै क्षेत्रबाट एकजुट भई उद्धार तथा राहत कार्यमा सहयोग गर्न हार्दिक अपिल गर्दछौं ।
नेपाल सरकारको प्रधानमन्त्री राहतकोषको तल उल्लेखीत QR तथा बैंक खातामा सक्दो सहयोग गर्न सम्पुर्ण व्यवसायी,आम जनसमुदाय तथा सम्पुर्णमा हार्दिक अपिल गर्दछौं ।





कैलाली उद्योग वाणिज्य संघ, धनगढी, कैलाली

"कृषि, उद्योग, पर्यटन, जैविक एवं सांस्कृतिक विविधतामा धनी,
व्यवसायिक तथा गुणस्तरीय जीवनमा नेपालकै अग्रणी"

मितिः.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

मितिः.....